मिति : २०७६ बैशाख १३ गते
समय : विहान ८.०० बजे
स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय
बैठक : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम धनकुटा नगर कार्यपालिकाको तेईसौं बैठक
अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग दस्तखत

उपस्थिति विवरण :

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | दस्तखत |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | दस्तखत |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | दस्तखत |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | अनुपस्थित |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | दस्तखत |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | अनुपस्थित |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | दस्तखत |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | अनुपस्थित |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | दस्तखत |
| १० | वडाध्यक्ष | श्री मनोज राय | दस्तखत |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | दस्तखत |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | दस्तखत |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | दस्तखत |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | दस्तखत |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | दस्तखत |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | दस्तखत |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | दस्तखत |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य बहादुर राई (आठपहरिया) | दस्तखत |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | दस्तखत |
| २० | प्रमुख प्रशासकीय अधिकृत | श्री सुरेन्द्र थापा मगर | दस्तखत |
| २१ | प्रशासकीय अधिकृत | श्री डम्बर रोगु | दस्तखत |

निर्णय नं. १

धनकुटा नगरपालिकाबाट गत वर्ष देखि सञ्चालन गरिएको आवास सहुलियत साझेदारी कार्यक्रम अन्तरगत तोकिए बमोजिमका नागरिकहरुका लागि जस्तापाता उपलब्ध गराइएको र सोही कार्यक्रमलाई निरन्तरताका लागि तेस्रो नगरसभा बाट चालु आर्थिक बर्ष ०७५/०७६ मा नगरस्तरीय योजनाको रुपमा जस्तापाता खरिदका लागि रु ५०,००,०००।- (पचास लाख) मात्र विनियोजन भएकोमा चालु आर्थिक बर्षमा उक्त जस्ता पाता उपलब्ध गराउनु पर्ने घरधनीहरुको माग संख्या अत्याधिक रहेकोले यस आ.व. मा नगरका २०० घरधनी लाई उक्त जस्तापाता उपलब्ध गराउने र सो को लागि चालु आर्थिक बर्षमा विनियोजित रकम न्यून हुने देखिएकोले आगामी नगरसभा बाट नपुग रकम थप गरी योजना अनुमोदन गर्ने गरी उल्लेखित २०० परिवारका लागि प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार जस्तापाता खरिद प्रकृया प्रारम्भ (वोलपत्र आहवान) गरी वितरणको व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. २.

प्रत्येक स्थानिय तहमा दीर्घकालिन महत्वको खेल पुर्वाधार निमार्ण गर्न नेपाल सरकारबाट स्वीकृत स्थानिय खेलकुद पूर्बाधार निमार्ण सम्बन्धी कार्यविधि, २०७५ बमोजिम यस नगरपालिकाको वडा नं. १ को हिले खेलमैदान कार्यबिधि बमोजिमको आधार अनुसार उपयुक्त हुनुका साथै पूर्वाधार विकास गर्न अत्यावस्यक रहेकोले कार्यालयबाट तयार भएको DPR बमोजिम युवा तथा खेलकूद मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३.

यस नगरपालिकाको वडा नं. ७ स्थित वसपार्क–जिरोप्वाइट खण्ड नमुना सडकको रुपमा स्तरोन्नतिका लागि १ नं. प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयमा माग गरीएको रु. १,५८,००,०००।- (अक्षेरुपी एक करोड अन्ठाउन्न लाख) बजेट स्वीकृत भएकाले उक्त योजना सम्पन्न गर्न स्वीकृत योजनाको साझेदारी स्वरुप २० प्रतिशत लागत रकम चालु आर्थिक बर्षमा स्वीकृत समपुरक कोषबाट ब्यहोंने निर्णय गरियो ।

निर्णय नं. ४.

उत्तरपानी प्राबिधिक शिक्षालयबाट यस कार्यालयमा प्राप्त सूचना अनुसार तहाँ सञ्चालन गरिने तालिम तपसिल वमोजिम सञ्चालन गर्ने निर्णय गरियो ।

| क.स | तालिमको नाम | तालिम सञ्चालन गर्ने वडा |
|---|---|---|
| क) | च्याउ खेती २० जना | वडा नं. ६,७,८ |
| ख) | पूष्प खेती २० जना | वडा नं. १,२,३,४,५ |

निर्णय नं. ५.

कान्तिपुर बहूप्राविधिक शिक्षालय भरतपुर चितवनको च.न. १४२६ मिति २०७६।१।८ को प्राप्त पत्र अनुसार यस नगरपालिकाका लागि प्राप्त तालिम देहाय बमोजिम सञ्चालन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

क. मेसन तालिम ४० जना (२, ९ र १०)
ख. व्यूटिपालर तालिम २० जना (सवै वडाहरु)

मिति : २०७६ साल जेष्ठ ६ गते

समय : दिनको ११.०० बजे

स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय

बैठक : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम धनकुटा नगर कार्यपालिकाको चौविसौं बैठक ।

अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग दस्तखत

उपस्थिति विवरण :

| क.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | दस्तखत |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | दस्तखत |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | दस्तखत |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | दस्तखत |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | दस्तखत |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | दस्तखत |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | दस्तखत |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | दस्तखत |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | अनुपस्थित |
| १० | वडाध्यक्ष | श्री मनोज राय | अनुपस्थित |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | दस्तखत |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | दस्तखत |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | दस्तखत |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | दस्तखत |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | दस्तखत |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | दस्तखत |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | दस्तखत |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य राई | दस्तखत |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | दस्तखत |
| २० | प्रमुख प्रशासकीय अधिकृत | श्री सुरेन्द्र थापा मगर | दस्तखत |
| २१ | प्रशासकीय अधिकृत | डम्बर रोगु | दस्तखत |

बैठकका प्रस्तावहरुः

१. आर्थिक बर्ष २०७६/७७ को नीति तथा कार्यक्रम ।

२. राजश्व संकलनको लागि ठेक्का व्यवस्थापन ।

३. सार्वजनिक सुनुवाईको प्रतिवेदन ।

४. योजना अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन ।

५. विविध ।

निर्णय नं. १

धनकुटा नगर कार्यपालिकाको आर्थिक बर्ष २०७६/७७ को बार्षिक योजना तर्जूमाका लागि श्रीमान् नगर प्रमुखज्यूबाट देहाय बमोजिम पेश हुने नीति तथा कार्यक्रम उपर छलफल गरी पारित गरियो । साथै पारित नीति तथा कार्यक्रम बमोजिम आगामी बर्षको योजना तथा कार्यक्रम तयारी निम्नानुसारको कार्य तालिका बमोजिम सम्पन्न गर्ने निर्णय गरियो ।

चौथो नगर सभाको बैठक :

मिति : २०७६ साल जेष्ठ ९ गते

समय : दिनको १.०० बजे

स्थान : धनकुटा नगर सभाहल

| क्र.स. | मिति | कार्यक्रम विवरण |
|---|---|---|
| १ | २०७६।२।०६ | श्रोत अनुमान समितिको बैठक |
| २ | २०७६।२।०६ | नीति तथा कार्यक्रम पारिकत बैठक |
| ३ | २०७६।२।०९ | नगर सभा बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत |
| ४ | २०७६।२।१८ गते देखि ऐ. २४ सम्म | वडास्तरीय योजना छनौट |
| ५ | २०७६।२।२७ | वडा समितिको बैठक |
| ६ | २०७६।२।३१ देखि २०७६।३।०४ | विषयगत समितिहरुको बैठक |
| ७ | २०७६।३।०६ | बजेट तथा कार्यक्रम तर्जूमा समितिको बैठक |
| ८ | २०७६।३।०७ | कार्यपालिकाको बैठक |
| ९ | २०७६।३।०९ | नगर सभाको बैठक |

# <u>नीति तथा कार्यक्रम</u>

**नगर सभाका अध्यक्षज्यु,**

धनकुटा जिल्लाको सदरमुकाममा रहेको यस धनकुटा नगरपालिका, साविकको धनकुटा नगरपालिका सहित छिमेकी भिरगाउँ र वेलहारा गाउँ विकास समिति लाई समेटेर गठन भई, नगरपालिकाले तय गरेको अभिलाषायुक्त, सपनायुक्त, र महत्वकांक्षी **"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"** भन्ने नारा अनुरुप निर्वाचित नेतृत्ववाट स्थानीय तहको सञ्चालन भएको छोटो अवधिमा **आवास सहुलियत कार्यक्रम मार्फत फुसको छाना हटाई जस्तापाता वितरण, ग्रामिण क्षेत्रमा सडकका ट्र्याक खोल्ने, धनकुटालाई एभोकाडोको राजधानी घोषणा गरि एभोकाडो स्तम्भ तथा पार्क निर्माण एवम एभोकाडो विरुवा रोपण, सडकहरुको स्तरोन्नती, मेलमिलापको माध्यमबाट न्याय सेवा सम्पादन, शहरी सुशासन व्यवस्थापन, वडा कार्यालयहरुवाट सेवा प्रवाह लगायतका सेवाहरु प्रभावकारी** वनाउदै स्थानीय सरकारको अनुभुति दिलाउन सफल भई, अवअरु संग तुलना नगरि संघीय सरकार तथा प्रदेश सरकारवाट प्राप्त अनुदान र आफ्नै आन्तरिक आयवाट स्थानीय सापेक्षतामा चौतर्फी रुपमा गुणात्मक फड्को लिन भौतिक र संस्थागत पुर्वाधार तय गर्दै अपेक्षित रुपमा नगरपालिकाको विकासका लागि चौथो नगर सभामा  तपशिल वमोजिमका महत्वपुर्ण क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने नीति लिइनेछ ।

## <u>भौतिक पूर्वाधार विकासः</u>

१) स्थानीय तहको कार्यक्रम तथा वजेट तर्जुमा दिग्दर्शन २०७४, ( संशोधित) वमोजिम वस्तीस्तरवाटै नागरिकको अधिक्तम सहभागिता सुनिश्चित गराई योजना र कार्यक्रम पहिचान, तथा सम्वन्धित वडा समितिको प्राथमिकिकरणमा सिफारिश भएका वडास्तरका योजनाहरुलाई  कार्यान्वयन गर्ने नीति लिइने छ । साथै आगामी ३ वर्ष भित्र अपेक्षित लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरि **नगरस्तरिय गौरव, वडास्तरीय गौरव र टोलस्तरिय गौरवका योजना र कार्यक्रम** तय गरि कार्यन्वयन गर्ने व्यवस्था मिलाइनेछ र उक्त गौरवका आयोजनामा प्राथमिकताका साथ नगर, प्रदेश, तथा संघवाट श्रोतको व्यवस्थाका लागि पहल गरिनेछ साथै नगरमा प्राप्त श्रोतवाट कुनै योजनाका लागि रकम विनियोजन गर्न अपर्यप्त हुन गई पछि कुनै निकायवाट श्रोत उपलब्ध हुन गएमा, वा अन्य  निकाय एवम नेपाल सरकार समक्ष योजना पेश गर्न वडा समितिवाट सिफारिश भएका योजनाको सुनिश्चितताका लागि **आयोजना वैंक Project Bank** को रुपमा सुचिकृत गरिनेछ । नगरलाई स्मार्ट सिटिको रुपमा विकास गर्न नगरका योजना, कार्यक्रम, र संरचनाहरु **वालमैत्री, अपांगमैत्री, लैंगिकमैत्री, र वातावरणमैत्री** वनाइनेछ ।

२) वस्ती तथा टोलको पहिचान तथा वडासमितिको प्राथमिकतामा सिफारिश भएका वडास्तरीय योजनाहरु कार्यन्वयनार्थ आगामी आ.व. ०७६/०७७ मा पनि साविकको अनुदान रकममा नघटाई अनुदान उपलव्ध गराइनेछ । साथै आगामी वर्षमा वडा लाई जनसंख्या र भुगोल तथा आन्तरिक आय समेतको आधारमा  थप रकमका रुपमा वजेट सिलिङ समेत उपलव्ध गराइनेछ । उपलव्ध अनुदान वाट **भौतिक पुर्वाधार तर्फ ८५ प्रतिशत र सामाजिक विकास** ( **वालवालिका, ज्येष्ठ सहित लक्ष्यित समुह) तर्फ १५ प्रतिशत अनिवार्य रुपमा**विनियोजन गर्नु पर्नेछ । **वडास्तरीय गौरवका एक आयोजना/कार्यक्रममा** कम्तिमा **पन्ध्र लाख भन्दा घटि** रकम विनियोजन गर्न पाइने छैन । **भौतिक पुर्वाधार तर्फ एक लाख भन्दा घटि**का र **सामाजिक तथा प्रवर्द्धनात्मक तर्फ पचास हजार भन्दा घटि**का **योजना तथा कार्यक्रम** छनौट गर्न पाइने छैन ।

३)     **दिगो विकासका लागि नागरिक सहभागिता** अभिवृद्धि गर्न योजनाहरुमा जनश्रमदान तथा लागत सहभागितालाई प्राथमिकता दिइनेछ सञ्चालित योजना तथा कार्यक्रममा पेश्कि लिई फछ्र्यौट नगरि लामो समय वेरुजु रहने कारणवाट आर्थिक अनुशासन कमजोर हुन गई केन्द्रवाट प्राप्त हुने अनुदानमा समेत नकरात्मक असर पर्ने

भएकोले सामग्री खरिद गर्नुपर्ने प्रकृति वाहेकका आयोजना तथा कार्यक्रममा पेश्किलाई निरुत्साहित गरि कामको प्रगति अर्थात रनिङ्ग विलको आधारमा भुक्तानी दिने व्यवस्था कडाइका साथ लागु गरिनेछ ।

४) राष्ट्रिय भु उपयोग नीति तथा नगरको वास्तविक अवस्था अनुरुप नगरपालिका भित्रका क्षेत्रलाई **कृषि क्षेत्र, औधोगिक क्षेत्र, आवासिय क्षेत्र** छुट्याई सडकमा गरिने लगानी लाई प्राथमिकिकरण एवम व्यवस्थित गर्न, वस्तीहरुलाई सुन्दर र सुरक्षित वनाउन तथा जनताको सहभागितामा सडकहरुको सडक अधिकार क्षेत्र निर्धारण गर्न नगरपालिकावाट स्वीकृत नगर यातायात गुरुयोजना (MTMP) कार्यान्वयन गरिनेछ । गुरुयोजना अनुसार कायम राष्ट्रिय राजमार्ग (क) वर्गमा २५ मिटर राष्ट्यिय राजमार्ग (ख) वर्गमा १५ मिटर सेट व्याक वाहेक (एकातर्फ), र नगर भित्रका अन्य सडकमा क्रमश : ६/८/१० मिटर सडक अधिकार क्षेत्र लागु गर्ने नीति लिइनेछ ।

५) नगरपालिका क्षेत्रभित्र निर्माण हुने सडकहरुमा ड्रेन निर्माण गर्न प्रोत्साहित गरिनेछ र ड्रेन निर्माण सम्पन्न सडकलाई पहिलो प्राथमिकतामा राखी कालोपत्रे गर्ने नीति लिइनेछ । र अन्य ग्रामिण सडकहरुमा पनि ग्राभेल गरी स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

६) भुकम्प लगायत विपदको समयमा व्यक्तिगत तथा सार्वजनिक भवनहरु भत्कन गई धनजनको क्षति हुने संभावनालाई न्युनिकरण गर्न र वस्तीहरुमा भौतिक पुर्वाधारका संरचनाहरु व्यवस्थित वनाउदै सुरक्षित घर वनाउन **बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२** कार्यान्वयन गर्दै लगिनेछ र भूकम्प प्रतिरोधी घर निर्माणका लागि सचेतना कार्यक्रम एवम दक्ष कालिगढको तालिमलाइ निरन्तरता दिइनेछ साथै भवन निर्माण गर्ने घरधनीले भवन निर्माणमा संलग्न मजदुरको वीमा गराउनु पर्ने व्यवस्था मिलाइने र आगामी दिनमा घर नक्सा पास कार्यलाई Electronic permit system तर्फ लैजान आवश्यक व्यवस्था मिलाइनेछ ।

७) **"शहरी सुशासनका लागि बजार अनुगमन"** भन्ने ध्येय अनुरुप बजारमा खाद्यबस्तुको गुणस्तर नियन्त्रण, मुल्य सुची लगायतका सूचकहरुको नियमनका लागि स्थानीय प्रशासन, उद्योग वाणिज्य संघको सहभागितामा नियमित बजार अनुगमन गरिनेछ ।

८) भू-उपयोग योजना स्वीकृत नभएसम्म वडाको सिफारिश र नगरपालिकाको स्वीकृती वेगर जग्गा प्लटिङ गर्न नपाईने व्यवस्था मिलाइनेछ ।

९) नगरसभावाट योजना स्वीकृत नगरी आफू खुशी योजना शुरु गरी निर्माण भईसकेका योजनाहरुमा नगरपालिकाले आर्थिक व्ययभार गर्ने भनि योजना माग भइ आएमा त्यस्ता योजनाहरुलाई नगरपालिकाले स्वीकृति नदिने र बजेटको व्यवस्था पनि नगरिने नीति लिइनेछ । नगरसभामा छुटेका तर जनतालाई नगरपालिकाले सानो सहयोग गर्दा अधुरा साना अत्यवश्यकिय योजना सम्वोधन गर्न टोलवस्ती संगठनको निर्णय, वडाको सिफारिशमा कार्यालयको प्राविधिक प्रतिवेदनको आधारमा सम्वोधन गर्न **"जनताको अपेक्षा : नगरको सुभेक्षा"** कार्यक्रम सञ्चालन गरिनेछ ।

१०) **"सडक वत्ति फिप्टी फिप्टी कार्यक्रम"** अन्तर्गत नगरपालिका लाई सधैं उज्यालो बनाउन विगत देखि प्रारम्भ गरिएको सडक बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिनुका साथै सोलार प्रणाली विस्तारका लागि बैकल्पिक ऊर्जा केन्द्र तथा अन्य सरोकारवाला निकायको सहकार्यमा अगाडि बढाईनेछ ।

११) नगरपालिकाबाट संचालन हुने पूर्वाधार निर्माणका कार्यक्रमहरुको गुणस्तर कायम गर्न अनुगमन, सुपरिवेक्षण र मूल्याङकन कार्य व्यवस्थित गरिनेछ साथै योजनाको अन्तिम भुक्तानी गर्नु पूर्व सार्वजनिक परिक्षण तथा वडास्तरीय योजनामा वडा अनुगमन समिति तथा वडा कार्यालयको सिफारिश र नगरस्तरीय योजनामा नगरस्तरीय अनुगमन

समितिको सिफारिश विना भुक्तानी गरिने छैन । र यसका लागि वडास्तरीय र नगरस्तरीय अनुगमन समितिलाई अझ सकृय वनाईनेछ ।

१२) नगरपालिकावाट भौतिक पूर्वाधार निर्माणका योजना ठेक्का प्रक्रियाबाट संचालन गर्दा बोलपत्र सम्बन्धी खरिद कार्यलाई पारदर्शी, प्रतिस्पर्धात्मक र समान अवसर सृजना गर्न विगत देखि लागु गरिएको E-Bidding बाट खरिद कार्य गर्ने नीति लाई निरन्तरता दिइनेछ ।

१३) नगरपालिका भित्रका सम्पूर्ण सरकारी, सार्वजनिक, ऐलानी पर्ती जग्गाहरु पहिचान गरी रेखांकन तथा लेखांकन एवम संरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

कृषि तथा वन :

१४) यस नगरपालिकाको अधिक भुभाग ग्रामिण तथा कृषि क्षेत्रयुक्त भएकोले कृषिको व्यवसायिकीकरण र विविधिकरणका लागि आवश्यक पर्ने मल विउ तथा सिञ्चाईको व्यवस्था गर्न सरोकारवाला निकायको सहकार्य र समन्वयमा आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ । चालु आ.व.मा **वडा नं.३ कागतेवाट प्रारम्भ गरिएको प्राङ्गरिक अर्गानिक खेती अभियानलाई थप विस्तार गर्दै विगतमा प्रारम्भ गरिएका र आगामी दिनमाम गर्न सकिने प्लाष्टिक पोखरी, थोपा सिञ्चाई, जोत्ने ट्यक्टर, सोलार पम्प, कौसी खेती, करेसावारी खेती, हाट वजार व्यवस्थापन, पशु नश्ल सुधार** जस्ता स्थान सापेक्ष सम्भावनाको आधारमा विभिन्न पकेट क्षेत्र निर्माण तथा व्यवस्थापनका लागि **मेयर कृषि पर्यटन कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

**अध्यक्षज्यू,**

१५) नगरपालिकामा कृषि र पशुपालनका लागि प्रशस्तै सम्भावनायुक्त क्षेत्र भएकोले जिल्लामा रहेको कृषि प्राविधिक शिक्षालय, कृषि सम्वन्धि निकायहरुको समन्वय र सहकार्यमा ड्रयागन फल, एभोकाडो, टमाटर, तरकारी, तथा अन्य फलफुल खेति, एक वडा एक उत्पादनको प्रवर्द्धन तथा कृषकहरुको सेवा सुविधाका लागि कृषि समुह तथा संस्था परिचालन गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ
१६) **" गरिवी निवारणका लागि सवैलाई रोजगार : कृषि र पशुपालन विकासको पूर्वाधार"** भन्ने अभिप्रयाले सामाजिक आर्थिक विकासको लागि व्यवसायीक कृषि विकास कार्यक्रमहरुमा प्राथमिकतापूर्वक विनियोजन गरी खर्च हुने व्यवस्था मिलाईनेछ । यसका लागि अति गरिव एवम् कृषि पेशामा व्यवसायीक ढंगले कार्य गर्न कृषकहरुलाई बैंक तथा वित्तिय संस्थाहरुसँग सहकार्य गरी सहुलियत कर्जा प्रवाहको व्यवस्था मिलाईनेछ ।

सामाजिक विकास :

१७) **"मानव जीवनका तीन अवस्था : प्रत्येक अवस्थामा स्थानीय सरकारको तीन फरक कार्यक्रमको व्यवस्था"** अन्तर्गत धनकुटा नगरपालिका

**क. वालवालिकालाई शिक्षा, स्वास्थ्य, पोषण,**
**ख. युवालाई सीप, उद्यमशिलता र रोजगारी र**
**ग. ज्येष्ठलाई सम्मान, संरक्षण र सुरक्षा"**

को प्रत्यभुतिका लागि उपर्युक्त कार्यक्रम सञ्चालन गर्न प्रतिवद्ध रहेको व्यहोराका साथ बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, र कार्यान्वयन कार्यविधि, २०६८ अनुरुप मिति २०७४ चैत्रमा सरोकारवालाहरुको भेला वाट सामुहिक रुपमा जनाइएको लिखित प्रतिवद्धता अनुरुप **२०७६ चैत्र मसान्तमा वालमैत्री नगरपालिका घोषणा**का लागि आवश्यक कार्यक्रम र रकम विनियोजन गरिनेछ ।

१८) नगरपालिका भित्रका विपन्न वर्गका **बालबालिकाहरुको स्वास्थ्य प्रबर्द्धनमा सहयोग तथा जन्म दर्ता गर्न पाउने बाल अधिकारको संरक्षण, एवम घटना घटे लगत्तै घटना दर्ता गर्नुपर्छ भन्ने सन्देश प्रवाह** गराउनका लागि **बच्चा जन्मेको ३५ दिन भित्रमा जन्मदर्ता गराएमा**नगरपालिकाले **जन्मदर्ता गराए वापत** रु. ५००। (पाँच सय) **प्रोत्साहन भत्ता** दिने व्यवस्था मिलाइनेछ ।

१९) नगरपालिका अन्तर्गतका बाल विकास केन्द्र तथा सामुदायिक विद्यालयहरुको अवस्था सुधार गर्दै विपन्न वर्गका बालबालिकाहरुको पहुच पुग्न सक्ने गरी पूर्वाधार निर्माण व्यवस्थापन तथा **नगरपालिका भित्रका कक्षा १ सम्मका विद्यार्थीहरुका लागि विद्यालय खाजा जस्ता पोषण कार्यक्रम**लाई निरन्तरता दिदैंक्रमशः सवै विद्यालयहरुमा विस्तार गरिनेछ साथै आज विद्यालय वाहिर रहेका वालवालिका विद्यालयमा प्रवेश गराउने मात्र नभई सामुदायिक विद्यालयमा खस्कदै गएको विद्यार्थीको सिकाइ उपलव्धी अभिवृद्धि गर्न उपयुर्क्त कार्यक्रम र नीति लिइनेछ । सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि समुदाय तथा नगर वाट गरिने अनुगमन प्रभावकारी वनाइनेछ ।

२०) हरेक वडामा कम्तिमा एक नमूना विद्यालय सञ्चालनको लीगि वडाबजेट तथा नगर वजेटवाट निश्चित रकम विनियोजन गरी नमूना विद्यालयको रुपमा कार्यक्रम सञ्चालन गरी अभिभावक, शिक्षक र विद्यार्थीबीचको त्रिपक्षिय अन्तक्रियात्मक कार्यक्रम सञ्चालन गरी विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि प्रयास गरिनेछ ।

२१) **"वालवालिका भविष्यको कर्णधार र वर्तमानको साँझेदार हुन"** भन्ने तथ्यलाई केन्द्रमा राखेर वालवालिकाको सर्वाङ्गिण विकास र आन्तरिक पर्यटनको प्रर्वद्धनमा समेत सकारात्मक योगदान पुग्ने भएकोले जग्गाको व्यवस्थापन, उपर्युक्त सम्भावना आदिको आधारमा सवै वडा तथा पायक पर्ने अन्य उचित स्थानमा वाल उद्यान (Children Park) निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ  र पार्कका लागि जग्गा उपलव्ध गराउन आह्वान गरि उपलव्ध गराएमा जग्गादाताको नाममा पार्कको नामाकरण गर्ने नीति लिइनेछ ।

२२)   नगर भित्र गुणस्तरिय शिक्षा हासिल गर्ने प्रतिष्पर्धात्मक वातावरणको सृजना गर्न उच्च अंक ल्याउने **धनकुटा नगर टपर छात्र १, छात्रा १** एवं **प्रत्येक वडामा विद्यालय प्रथम हुने आधारभुत विद्यालय, तथा मा.वि. का बालबालिकाहरुको सम्मान तथा पुरस्कृत** गर्ने नीति लिइनेछ

**अध्यक्षज्यू**

२३) नेपालकै प्रतिष्ठित क्याम्पसकोरुपमा नगरमा रहेको धनकुटा वहुमुखी क्याम्पस,जिल्लामा रहेको कृषि अनुसन्धान केन्द्र पाखिवास, उत्तरपानि प्राविधिक शिक्षालय, राष्ट्रिय सुन्तला जात अनुसन्धान केन्द्र आदिको समन्वयमा यस क्षेत्रका विद्यार्थीलाई घरवाटै प्राविधिक तथा उच्च शिक्षा हासिल गर्न धनकुटालाई शैक्षिक हवको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।

२४) लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा टेवा पुर्याउन नगरपालिकामा संचालन हुने योजनाहरुको उपभोक्ता समिति गठन गर्दा कम्तिमा ३३ प्रतिशत महिला सहभागी अनिवार्य गर्नुका साथै प्रमुख पदहरु मध्ये कम्तिमा एक जना महिला हुनु पर्ने नीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

२५)   नगरपालिका भित्रका विपन्न एवम एकल महिलाहरुको क्षमता अभिवृद्धि गर्न सीपमूलक तालिम प्रदान गरी आत्मनिर्भरता तर्फ उन्मुख गराउन **"उपप्रमुख विपन्नलाई आय, पिडितलाई न्याय"** कार्यक्रम घरेलु तथा अन्य संघ संस्थाहरु संग सहकार्य गरी अगाडी बढाइनेछ भने स्थानीय उत्पादन र सो को प्रशोधन गरि तुलनात्मक लाभको अभिवृद्धिका लागि स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योग स्थापनाका लागि निजी क्षेत्र तथा अन्य सरोकारवाला निकायसंग समन्वय गर्नुका साथै धनकुटा औधोगिक क्षेत्रमा उद्योग स्थापना गर्न निशुल्क विद्युत तथा पानीको व्यवस्था गरिनेछ ।

२६) " **विवाद् समाधानबाट स्थानीय शान्ति : मेलमिलाप र न्यायिक समिति"** भन्ने अभिप्राय अनुरुप मेलमिलाप सम्बन्धी तालिम तथा क्षमता विकास गरी न्ययिक समितिको कार्यलाई मेलमिलाप प्रकृयाबाट समाधान गर्न प्राथामिकता दिँदै स्थानीयस्तरमै विवाद समाधान गर्न प्रत्येक वडामा कम्तीमा एक मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप सेवालाई व्यवस्थापन गरिनेछ ।

२७) **स्वास्थ्य नै सम्पति हो** भन्ने उक्ति लाई व्यवहारमा कार्यान्वयन गराउन राष्ट्रिय कार्यक्रमको रुपमा सञ्चालनमा रहेको स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पहल गर्नुका साथै गत वर्षदेखि प्रारम्भ गरिएको **गरिवसंग नगरपालिका कार्यक्रम र एम्वुलेन्स सेवा**प्रभावकारी वनाउदै स्वास्थ्य कार्यक्रमको आधारस्तम्भको रुपमा विगत लामो समयदेखि कार्यरत महिला स्वयमसेविकाहरुलाई यथोचित सेवा सुविधाको व्यवस्था गर्दै स्वास्थ्य संस्था नभएका वडाहरुमा स्वास्थ्य चौकि स्थापना तथा सञ्चालन गरिनेछ ।

२८) नगरपालिकामा रहेका स्वास्थ्य सम्वन्धि संस्था र कार्यरत जनशक्ति लाई उच्च मनोवलका साथ सदा उत्प्रेरित भई सेवामा लागिरहने कार्यवातावरणको सृजना गरिनेछ र समय समयमा सरोकारवाला निकाय तथा संघ संस्था संगको सहकार्य तथा समन्वयमा सवै वडाहरुमा विशेषज्ञ सहितको शिविर समेत सञ्चालन तथा व्यवस्थापनमा सहयोग गरिनेछ ।

२९) **स्वास्थ्यका लागि खेलकुद** अन्तर्गत नगरपालिकाका खेलप्रेमी हरुलाई स्वस्थ्य र अनुशासित वनाई उत्कृष्ट खेलाडी उत्पादनमा सहयोग पुर्‍याउन आगामी आ.व. मा उपयुक्त अवसरमा **मेयर कप खेलकुद** जस्तै फुटवल, भलिवल, व्याडमिण्टन आदि प्रतियोगिता तथा **उपमेयर कप महिला भलिवल खेलकुद** आयोजना गरिने र **राष्ट्रिय अन्तरराष्ट्रिय खेलमा पदक प्राप्त गर्ने खेलाडी लाई उचित सम्मान र पुरस्कृत** गर्ने विगतको सुखद अभ्यासलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिने नीति लिइनेछ र नगरको श्रोतले सम्भव भए सम्म **सामुदायिक विद्यालयमा खेल प्रशिक्षक**को व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ । साथै धनकुटामा विगत देखि सञ्चालित **सहीद भिमनारायण अन्तरर्राष्ट्रिय फुटवल प्रतियोगिता** तथा **शहिद रिदिमा रामालिहाङ्ग फुटवल** लाई संस्थागत रुपमा थप व्यवस्थित र प्रभावकारी वनाई खेल पर्यटन लाई अभिवृद्धि हुने गरि निरन्तरता दिइनेछ । धनकुटा टुंडिखेललाई व्यवस्थित गर्न चालु आ.व.मा थप पुर्वाधार विकास गरिएको छ भने आगामी आ.व.मा हिले खेल मैदान सहित सवै वडामा खेल मैदान निर्माण एवम स्तरोन्नतिका लागि थप पहल गरिनेछ ।

**अध्यक्षज्यू,**

३०. **"प्रश्न, संवाद र अभ्यासले व्यक्तिको उन्नती र समाजको अग्रगामी परिवर्तनमा प्रत्यक्ष सहयोग पुर् याउछ"** तसर्थ युवा उद्यमशिलता विकास, हिंसा न्युनिकरण गर्दै व्यक्तिका अधिकार र सामाजिक दायित्ववोध गराउदै विकासका चरणको वारेमा आधारभुत जानकारी अभिवृद्धिका लागि **नमुना युवा संसद** अभ्यास जस्ता विभिन्न अन्तरक्रिय र अन्तरसम्वाद कार्यक्रमहरु वडास्तर र विद्यालयहरुमा सञ्चालन गर्न प्राथमिकता दिइनेछ र शहरी जीवनलाई सहज वनाई जीवनपद्धतिको रुपमा विकास गर्न जिल्ला अस्पताल, आर्युवेद औषधालय आदि संस्थाको समन्वयमा योग प्रशिक्षणलाई अझ व्यपक वनाइनेछ । युवाहरुलाई कुलत र दुर्व्यशनिमुक्त वनाउन **युवा सुचना केन्द्र स्थापना** लगायतका विभिन्न कार्यक्रम आयोजना गरिनेछ ।

३१) "Beginer is always an achiever" भने झै झण्डै एक दशक अगाडि शुरु गरि हाल अध्ययन केन्द्रको रुपमा स्थापित गरिएको फोहोर मैला अध्ययन केन्द्रलाई समय सापेक्ष व्यवस्थित गर्न र पुर्नप्रयोग हुने फोहोरलाई प्रशोधन गरि Low volume, high Valueप्राप्त गर्न प्रशोधन प्लाण्ट लगायतका पुर्वाधार स्थापनाका लागि संघीय सरकार संग अनुरोध गरिनेछ साथै नेपालकै सफा शहरको रुपमा पर्न सफल यस नगरपालिकालाई सदैव सफा राख्न, फोहोर लाई श्रोतमै घटाउन **धनकुटा नगर : सफा शहर, आफ्नो शहर, आफै सफा गरौं**भन्ने कार्यमा प्रतिष्पर्धात्मक वातावरण सृजना गर्न, आफ्नो टोलको विकास एवम सफा वनाउन सो संग सम्वन्धित योजना कार्यक्रम छनौट, सञ्चालन एवम व्यवस्थापन गर्दै आवश्यक सहयोग, सहजीकरण र अपनत्व

सृजना गराउन टोल विकास संस्थालाई परिचालन गर्ने र **सफल तथा उत्कृष्ट टोल विकास संस्थालाइ पुरस्कृत** गर्ने नीति लिइनेछ । नागरिक हित, सडक सुरक्षा र शहरी सौन्दर्य प्रर्वद्धनका लागि नगर प्रहरी, टोल विकास संस्था र अन्य सरोकारवाला निकाय संगको समन्वयमा वजारका सडक चौडा गर्ने लगायतका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ

३२) **जेष्ठ नागरिकहरु जिउदो इतिहास हुन उहाँहरु प्रेरणाका श्रोत हुन** तसर्थ उहाँहरुलाइ एउटै थलोमा भेला भई भलाकुसारी गर्न र जीवनोपयोगि अनुभवहरु आदान प्रदान गर्न नगरपालिकाका विभिन्न स्थानमा **जेष्ठ नागरिक मिलन केन्द्र/ चौतारो निर्माण, दिवा सेवा केन्द्र, एवम वृद्धाश्रम सञ्चालन सहजीकरण, ज्येष्ठ नागरिक लौरी वितरण** कार्यक्रमका साथै **ज्येष्ठ नागरिक, फरक क्षमता भएका नागरिकहरुका लागि स्वास्थ्य संस्था तथा यातायात सेवामा छुटका सुविधा**का लागि सम्वन्धित निकायमा पहल सहित विभिन्न कल्याणकारी कार्यक्रम कार्यन्वयन गर्न प्राथमिकता दिइनेछ वावु आमा नपाल्ने सन्तानलाई न.पा. र वडा वाट सेवा सुविधा वञ्चित गर्ने नीति लिनुका साथै विशेष कार्यक्रम आयोजना गरि जेष्ठ नागरिकलाई सम्मान गर्ने र ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका नागरिकका लागि सम्वन्धित सरोकारवाला निकायको समन्वयमा परिचय पत्र वितरण तथा सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज र प्रभावकारी वनाइनेछ ।

३३) यस नगरपालिका क्षेत्रमा रहेका मठ, मन्दिर, गुम्बा, लगायत संघ संस्थाहरुलाई आफ्नो धर्म संस्कृतिको जगेर्नाका लागि प्रोत्साहन गर्नुका साथै नगरपालिका तथा वडाहरुमा पुस्तकालय स्थापना एवम सञ्चालन गर्नु गराउनु साथै नगरपालिकाको **वडा नं. ५ मा रहेको गंगाचार्य विश्वभाषा पुस्तकालय र वडा नं. ६ स्थित धनकुटा नगर पुस्तकालय**को सञ्चालनमा आवश्यक सहयोग गर्ने नीति लिइने छ ।

## पर्यटन , वातावरण व्यवस्थापन तथा विपद व्यवस्थापनः

३४) वातावरणमैत्री स्थानीय शासनको अवधारणा अनुरुप यस नगरपालिकालाई वातावरणमैत्री नगरको रुपमा विकासका लागि लागि आवश्यक कार्यक्रम सन्चालन गरिने छ । प्रत्येक टोलका बाटोहरु, ऐलानी, पर्ति जग्गा तथा सार्वजनिक खोला किनारका स्थानहरुमा हरियाली प्रवर्द्धन हुने गरी डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समितिहरु लगायतको समन्वयमा एभोकाडो एवम अन्य उपयोगी विरुवाहरु वृक्षारोपण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

३५) धनकुटा नगरपालिका वहुजातिय, वहुभाषिक, वहु साँस्कृतिक तथा प्राकृतिक सम्पदामा अत्यन्तै धनि रहेकोले यहाँको आन्तरिक पर्यटन प्रर्वद्धनका लागि पुर्वाधार विकास गर्न संलग्न होटल व्यवसायी, उद्योग वाणिज्य संघ, अन्य स्थानीय तह तथा छिमेकी जिल्लाहरु संग समन्वय गरि विभिन्न आकर्षक कार्यक्रम सञ्चालन गरिनेछ । नगरमा रहेका धार्मिक पर्यटकिय स्थलहरु ग्रिन कागते, ओरेन्ज सिटि, चुलीवन पार्क, विश्रान्ती मन्दिर, निसान भगवति मन्दिर, एभोकाडो पार्क, मधुगंगा, धर्मगंगा, वक्रकुण्ड मन्दिर, श्रीपञ्चमी पार्क, हिले सिवालय, चञ्चलादेवी गुफा, मार्गादेवी मन्दिर, ५२ चुलो, लुङ्गधाङ्ग गुफा, चुवा पार्क, चमेरे गुफा, गणेश मन्दिर, फुजुलुक गुफा, सिद्धि विनायक, दक्षिणकाली मन्दिर सहित वातावरणिय तथा प्राकृतिक रुपमै सुन्दर हिलेलाई पर्यटकिय केन्द्रको रुपमा विकास गर्न विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ । साथै वडा नं. २ मा रहेको मधुगंगा मन्दिरको विकासका लागि चालु आ.व.वाटै विस्तृत गुरुयोजना निर्माण कार्य प्रारम्भ गरिएकोछ ।

३६) नगरपालिकावाट निस्कने फोहोरलाई दीर्घकालीन रुपमा व्यवस्थित गर्न सके मोहरमा परिणत गर्न सकिनेर सो कार्यका लागि आवश्यक लगानी, फाइदा र जोखिममा सांझेदारी गरिने अवधारणा अनुसार आगामी दिनमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार फोहोर व्यवस्थापन गर्न आवश्यक अध्ययन गरि प्राप्त निश्कर्ष कार्यान्वियन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

३७) **"प्रकृति र संस्कृति दुवै जोगाऔ"**भन्ने भावना अनुरुप नगर भित्रका सम्पुर्ण जातजातिको भाषा, संस्कृतिको साथै नेपालमै यहि जिल्ला तथा नगरमा मात्र रहेका आठपहरिय राई जातिको भाषा, संस्कृतीको संरक्षण र प्रर्वद्धनका लागि विभिन्न कार्यक्रमका साथै स्थान सापेक्ष होमस्टे, साहसिक खेल पर्यटन, पर्यटकिय स्थलको विकास र प्रवर्द्धन गरिनेछ साथै धनकुटामा प्रादेशिक पर्यटन सुचना केन्द्र निर्माणका लागि आवश्यक व्यवस्था तथा पहल गरिनेछ ।

३८. **आपसि सहकार्य र सामुहिक प्रयत्नवाट अविकासको स्थिति अन्त्य गर्न सकिन्छ** यसका लागि खुला, प्रतिनिधीमुलक, लोकतान्त्रिक, सामाजिक सहिष्णु एवम समतामुलक अन्तरघुलन आवश्यक भएकोले नगरको विकास र समृद्धिका लागि सकारात्मक सुझाव र पृष्ठपोषण प्राप्त गर्न समय समयमा साँझेदार तथा सर्वपक्षिय सरोकारवालाको उपस्थितीमा समिक्षा, अन्तरक्रियत्मक छलफल सञ्चालन गरिनेछ । यसका लागि जिल्लामा क्रियशिल पत्रकार महासंघ, संचार क्षेत्र संग समन्वयत्मक रुपमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

३९) नेपाल वहुप्रकोपिय क्षेत्रमा पर्ने मुलुक भएकोले नगरमा सम्भावित विपद जोखिम व्यवस्थापनलाई प्रभावकारी वनाउन नगरप्रहरीको क्षमता विकास, परिचालन, उद्धार र राहतका सामग्री भण्डारण र परिचालन गर्ने नीति लिइनेछ र सुरक्षित नगर वनाउन वहुप्रकोप प्रतिरोधी संरचना निर्माण गर्ने गराउनुका साथ भुकम्पिय प्रवलिकरण कार्यलाई छिटो सम्पन्न गर्ने नीति लिइनेछ । नगरमा सञ्चालनमा रहेको दमकल तथा एम्वुलेन्सको सेवा आवश्यकता अनुसार यथासक्य छिटो सेवा प्रवाहका साथै जिल्ला विपद व्यवस्थापन समिति, सुरक्षा निकाय, रेडक्रस सोसाइटी, उधोग वाणिज्य संघ लगायत संघ संस्था संग समन्वय गरि विपद व्यवस्थापन कार्य प्रभावकारी वनाइनेछ ।

**अध्यक्षज्यू,**

४०) धनकुटा नगरपालिकाको सवै वडामा मुख्य समस्यको रुपमा रहेको खानेपानी व्यवस्थापनका लागि सम्वन्धित खानेपानी उपभोक्ता समिति तथा सरोकारवाला निकायको समन्वयमा कुवा तथा मुहान संरक्षण, रिर्जभ्वायर ट्यांकी निर्माण, डिप वोरिङ्ग, आदिको व्यवस्था गरि वैकल्पिक रुपमा समेत खानेपानी व्यवस्थापन गर्दै खेर जाने पानीलाई भुमिगत जलश्रोतको पुर्ननविकरण गर्ने कार्य गर्न प्रोत्साहन गर्दै **नक्सा पास गर्दाका वखत रिचार्ज पिट**लाई अनिवार्य गरिनेछ ।

**सस्थागत विकास एवं सुशासन :**

४१) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वयन गर्न आवश्यक स्थानीय ऐन, कानूनहरु निर्माण गरी क्रमश कार्यान्वयन गर्दै गरिनेछ ।

४२) वढ्दो वेरोजगारी समस्या र त्यस वाट सिर्जित असर तथा प्रभाव वाट व्यक्ति तथा समाजलाई जोगाउन र रोजगारीका माध्यमवाट आर्थिक समृद्धिमा टेवा पुर्‍याउन आवश्यक पर्ने सिप र क्षमता अभिवृद्धिका लागि नगरवासीको इच्छा, र नगरपालिकाको क्षमताले भ्याए सम्म सरोकारवाला निकायको प्रत्यक्ष र परोक्ष सहयोगमा आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

४३) नगरपालिका तथा वडा कार्यालयहरुवाट प्रवाह गरिने विकास निर्माण, व्यक्तिगत घटना दर्ता तथा अन्य सेवा प्रवाह छरितो एवं प्रभावकारी वनाउदै सेवाग्राहीको सहजताका लागि Help Desk स्थापना गरि ताहाँ वाट आवश्यक सुचना तथा फारम निःशुल्क वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

४४) मानव संशाधन विकास (जनप्रतिनिधि र कर्मचारी) को क्षमता विकासका लागि अनुशिक्षण तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ साथै नगरपालिका तथा वडा कार्यालयवाट प्रवाह गरिने सेवा लाई प्रभावकारी र व्यवस्थित गर्न सुचना प्रविधिको अधिक्तम उपयोग गर्ने नीति लिइनेछ जसमा आगामी आ.व.मा विद्यालय तथा अन्य कर्मचारीको पनि विद्युतिय हाजिरी E- Attendence प्रारम्भ गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

४५. नगरपालिकाका कर्मचारीहरुको योग्यता, क्षमता, अनुभव र पद अनुसार आवश्यक मापदण्ड बनाई शाखा, उपशाखा तथा इकाईहरुको कार्य बोझ तथा कार्यालयको आवश्यकताको आधारमा आन्तरिक शाखा सरुवा, मानव

स्रोत परिचालन र पारदर्शी मापदण्ड निर्धारण गरी **राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो काम गर्नेलाई दण्ड तथा सजाय**को व्यवस्थालाई प्रभावकारी कार्यन्वयन गरिनेछ । साथै निजामति सेवा तथा अन्य सेवा वाट समायोजन भइ आउने कर्मचारीहरुलाई स्थानीय सरकारको मर्म र भावना अनुरुप परिचालनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

४६) धनकुटा नगरपालिकाको स्वीकृत संगठन संरचना तथा नेपाल सरकारबाट स्वीकृत कर्मचारी दरवन्दीलाई कर्मचारी समायोजन ऐन अनुसारको कर्मचारी समायोजन भइसके पछि नगरपालिकाको विद्यमान सेवा प्रवाहको प्रभावकारीताको लागि नगरपालिकाको संगठन संरचना र कर्मचारी दरबन्दी पुनरावलोकन गर्न विशेषज्ञ टोलीद्धारा संगठन व्यवस्थापन सर्वेक्षण गरी प्राप्त प्रतिवेदनको आधारमा परिमार्जन गरी आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।

४७) नगरपालिकाबाट नियमित रुपमा गरिने सेवा प्रवाह, विकास तथा कार्यक्रमहरुको प्रभावकारीता लगायतका विषयहरुमा सन्तुष्टि मापन गरी सार्वजनिक रुपमा सुझाव प्राप्त गरी सेवा प्रवाहको गुणस्तरमा सुधार ल्याई नागरिकको सूचनाको हकलाई सम्मान्जनक रुपमा सहभागितको लागि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र नगरपालिका रेडियो कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ ।

४८) सेवाग्राहीले तोकिएको समयमा गुणस्तरिय सेवा पाउने अधिकारलाई सुनिश्चित गर्न कर्मचारीको **समय पालन र कर्तव्य परायण**मा जोड दिइनेछ । कार्यालयमा रहदा कर्मचारीहरुले अनिवार्य रुपमा नेपाल सरकारबाट तोकिएको **पोशाक तथा परिचय-पत्र** लगाउनु पर्नेछ । साथै आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न विभिन्न उपायहरु मध्ये आन्तरिक लेखा परिक्षण लाई थप सक्रिय र कार्यमुलक वनाइनेछ ।

४९) पदाधिकारी तथा कर्मचारीहरुले कार्यालयमा रहदा कानूनले तोकेको आचार संहिता पालना गर्न लगाईने छ । साथै सेवाग्राहीलाई सेवा प्रदान गर्दा पहिलो आउनेलाई पहिलो प्राथमिकता दिदै शिष्ट एवं नरम व्यवहार तथा छिटो छरितो मुस्कान सहितको सेवा प्रवाह गरिनेछ ।
५०) नगरपालिकाको सेवा प्रवाह तथा विकास गतिविधि एवम अन्य क्रियाकलापहरुको जानकारी गराउन समय समयमा बुलेटिन प्रकाशन, नगरपालिकाको Website मार्फत सुचित एवम प्रचारप्रसार तथा सार्वजनिक गरिनेछ । र वार्षिक वजेट तथा कार्यक्रम नगरसभा वाट पारित भएपछि वेभसाइट तथा पुस्तिका प्रकाशन गरि जानकारी गराइनेछ ।

५१) सुचनाको हक संस्थागत गर्न विकास निर्माण कार्यमा सहजता निर्माण गर्न र नगरपालिकाले गरेका काम जनता समक्ष पुर्याउन र जनताको नगर प्रतिको अपेक्षा नगरपालिका सम्म ल्याउने माध्यमको रुपमा जिल्लाका संचार क्षेत्र संग समन्वय गरि कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

आर्थिक तथा राजस्व परिचालन :

५२) नगरपालिकाको विकास कुनै एक निकायको पहल वाट मात्र सम्भव नहुने र आफ्नो क्षेत्रको विकासको दायित्व नागरिकको पनि भएकोले सो को लागि आवश्यक पर्ने श्रोतको रुपमा नगरपालिकालाई कर तिर्नु पर्ने दायित्व भएकोले नगरपालिका भित्र समयानुकुल करको दर र दायरा पहिचान तथा समायोजन गरिनेछ र नगरपालिका भित्र व्यापार व्यवसाय गरिरहेका तर नगरपालिकामा दर्ता नगर्ने टेम्पो व्यवसाय लगायत अन्य व्यवसायीलाई निश्चित समयअवधि भित्र सुचिकृत गराउने र नियमानुसार दर्ता नगरेमा जरिवाना गरिनेछ ।

५३) सेवाग्राहीको काम समयमा सम्पन्न गर्न,विश्वसनिय वनाउन र अभिलेख प्रणाली व्यवस्थित वनाउन सम्पति कर, व्यवसाय कर तथा शुल्कलाई आगामी दिनमा सम्भावनाको आधारमा वडा कार्यलयवाटै संकलन गरिनेछ ।

राजश्व क्षमता र नतिजामा आधारित कार्यक्रम र वजेट पद्धति तथा खर्च व्यवस्थापन गर्न राजश्व सुधार कार्ययोजना तय गरि करदातामैत्री राजश्व प्रशासनलाई प्रभावकारी बनाउन सहभागितात्मक करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

५४) नगरपालिकाकालाई भविष्यमा आवश्यक पर्ने खुला क्षेत्र व्यवस्थागर्न, नगरपालिकामा स्थापना हुने विभिन्न वडा कार्यालय, शाखा तथा इकाइका लागि भवन वनाउन आवश्यक जग्गा व्यवस्थागर्न इच्छुक दाताहरुको खोजी तथा सम्मान गर्ने नीति लिइनेछ ।

५५) यस नगरपालिकाका जंगलहरुमा भएको तुलनात्मक रुपमा फाइदाजन्य नहुने भएकोले सरोकारवाला निकायको समन्वय र सहकार्यमा सल्लाको रुख विरुवा हटाइ एभोकाडो तथा अन्य उपयुक्त विरुवा विस्तार गर्न आवश्यक योजना र कार्यक्रम सञ्चालन गरिनेछ । सामुदायिक वनहरुको उपयोग सम्वन्धि आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

५६) राज्यको सेवा सुविधा पुर्‍याउन कठिन, विकासका निम्ति वाधक, अपायक र असुरक्षित स्थानमा रहेका व्यक्ति तथा सुकुम्वासी हरुका लागि स्थानान्तरण एवम पुर्नवाशका लागि आवश्यक जग्गाको व्यवस्थापन गरि **नमुना सामुहिक आवाश योजना तथा कार्यक्रम** सञ्चालनका साथै विपन्न जनताका लागि विगत देखि **नगरपालिकाको गौरवको आयोजनाको** रुपमा सञ्चालन गरिएको **आवाश सहुलियत साँझेदारी कार्यक्रम** प्रभावकारी रुपमा सम्पन्न गरिनेछ ।

५७) राज्यले घोषणा गरेको आधारभुत शिक्षा अनिवार्य र निशुल्क गर्ने नीतिलाई व्यवहारमा कार्यान्वयन गर्न नगरपालिकामा भर्ना अभियान तथा अन्य प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५८) सरकारको तर्फवाट उपलब्ध गराइने सवै प्रकारको सेवामा सेवाग्राहीको सेवा पाउने अधिकारलाई व्यवहारमा उतार्न र यस कार्यका लागि खटिएका कर्मचारी तथा जनप्रतिनिधिलाई जनताप्रति उत्तरदायी भइ सेवागर्न गराउन आवश्यक थप पहल गरिनेछ ।

५९) नगरवाट सञ्चालित योजना तथा कार्यक्रममा नागरिकको अपनत्व वढाउन, आवश्यकता र मागमा आधारित योजना तर्जुमा देखि कार्यावयनका सम्पुर्ण चरणमा लाभग्राहीको अधिक्तम सहभागिता अभिवृद्धि गरिनेछ ।

६०) नगरपालिका तथा अन्तर्गतका वडा कार्यालय तथा अन्य विषयगत कार्यालयवाट सम्पादन गरिने योजना तथा कार्यक्रममा नागरिक एवम उपभोक्ता समितिलाई सहज, सरल र प्रभावकारी वनाउन आवश्यक तालिम तथा प्रशिक्षण सञ्चालन गर्नुका साथै अन्य सहजीकरणका थप उपायहरु कार्यन्वयन गरिनेछ ।

**धन्यावाद !**

निर्णय नं. २

धनकुटा नगरपालिकाले आगामी आर्थिक बर्ष २०७६/७७ को लागि लागु गरिने विभिन्न कर, शुल्क, दस्तुर, सेवाशुल्क तथा व्यापारिक भवनका कबलहरुको भाडादर आगामी आर्थिक बर्षमा लागु गरिने करका दरहरु चालु आर्थिक बर्षकै दरमा कायम गर्न नगर सभाको बैठकमा प्रस्ताव गर्ने निर्णय गरियो । साथै धनकुटा नगरपालिका फोहोरमैला अध्ययन केन्द्रमा प्रवेश तथा सूचना उपलब्ध गराएबापत आगामी आर्थिक बर्ष देखि प्रति टोली रु. ३,०००।- (तीन हजार) लिने निर्णय गरियो ।

निर्णय नं. ३

धनकुटा नगरपालिकाको आन्तरिक आयका देहायका स्थानहरुको आ.व. २०७६/७७ को न्यूनतम ठेक्का अंक देहाय बमोजिम कायम गर्ने निर्णय गरियो ।

तपसिल :

| ठेक्काको नाम | न्यूनतम ठेकका बार्षिक रु. |
|---|---|
| १. सवारी पार्किङ्ग शुल्क संकलन | १२,५०,०००।- |
| २. विहिवारे हटिया, धनकुटा न.पा. ५ | ४,००,०००।- |
| ३. हिले हटिया, धनकुटा न.पा. १ | ६,५०,०००।- |
| ४. चमेनागेह, धनकुटा नगर कार्यपालिकाको कार्यालय, | १,२०,०००।- |
| ५. बहुउद्धेश्यीय सामुदायिक भवन, धनकुटा न.पा. ६ | १,००,०००।- |
| ६. ढुँङ्गा, गिटी, बालुवा (फोङसुवा खोला) | ९,००,०००।- |
| ७. विज्ञापन कर संकलन | ५,००,०००।- |

**निर्णय नं. ४**

धनकुटा नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका कार्यालयहरुबाट भएका नियिमति सेवा प्रवाह एवम् विकास निर्माणको कार्य प्रगतिको सन्दर्भमा रेडियो मकालु ९२.२ मेगाहर्जको सहजीकरणमा मिति २०७६।१।२९ गते हिलेमा सम्पन्न भएको सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरुबाट प्रस्तुत भएका सुझाव सहितको प्राप्त प्रतिवेदन उपर छलफल गरी प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई तत्काले गर्नु पर्ने कार्यहरु चालु आर्थिक बर्ष कार्य सम्पादन गर्ने र क्रमस गर्नु पर्ने कार्यहरुलाई आगामी आर्थिक बर्षमा गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. ५

धनकुटा नगरपालिका युवा स्वरोजगार कार्यक्रम अन्तरगत व्यवसायीक पशुपालन कार्यक्रमको लागि प्रकासित सूचना अनुसार पेश भएका प्रस्तावहरुका आधारमा तपसिलका प्रस्तावहरु हरेक वडामा रु. ७०,०००।- ( सत्तरी हजार) बजेट हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | कृषकको नाम थर | ठेगाना | फर्मको नाम | सञ्चालन गरिने क्रियाकलाप |
|---|---|---|---|---|
| १ | गोविन्द ब. मगर | धनकुटा-१ | सिंजाली बंगर फर्म | बंगुर पालन |
| २ | तेज कुमार सिंजाली | धनकुटा-१ | विप्लव पशुपालन फर्म | गाई पालन |
| ३ | सन्देश तामाङ्ग | धनकुटा -२ | आइतबारे एग्रो फर्म | गाई पालन |
| ४ | विनिता खत्री पोखेल | धनकुटा -२ | नमस्ते कृषि फर्म | गाई पालन |
| ५ | पूर्ण लाल राई | धनकुटा -३ | ब्यक्तिगत | बंगुर पालन |
| ६ | कुल ब. कार्की | धनकुटा -३ | करुण एकिकृत कृषि फर्म | गाई पालन |
| ७ | जय कुमार राई | धनकुटा -४ | जिमि बंगुर तथा कृषि फर्म | बंगुर पालन |
| ८ | देवी बं ढुंगेल | धनकुटा -४ | शिव शक्ति गौशाला | गाई पालन |
| ९ | पार्वति राई | धनकुटा-५ | ब्यक्तिगत | बाखा पालन |

| | | | | |
|---|---|---|---|---|
| १० | श्री निसान कृषि उत्पादन महिला फर्म | धनकुटा-५ | ब्यक्तिगत | बाखा पालन |
| ११ | टीकाराज कार्की | धनकुटा- ६ | माइदेबी कृषि फर्म | गाईपालन |
| १२ | खाल्डे पाङसिङ बहुउद्देश्यीय सहकारी संस्था | धनकुटा- ६ | | दुग्धजन्य उत्पादन |
| १३ | उदिप राई | धनकुटा-७ | जीमि मार्गा कृषि फर्म | बंगुर पालन |
| १४ | सुनरानी राई | धनकुटा-७ | चिचिल्ला बंगुर तथा कुखुरा फर्म | बंगुर तथा कुखुरा पालन |
| १५ | देव कुमारी राई | धनकुटा-८ | गैया गुरु पशुपन्छी फर्म | बंगुर पालन |
| १६ | रस बहादुर राई | धनकुटा-८ | ब्यक्तिगत | बंगुर पालन |
| १७ | मदन घिमिरे | धनकुटा-९ | घिमिरे गाईपालन फर्म | गाई पालन |
| १८ | जंग बहादुर कार्की | धनकुटा-९ | न्यू प्रगशिल कृषि फर्म | बाखा पालन |
| १९ | मिलन नेपाली | धनकुटा-१० | ब्यक्तिगत | बंगुर पालन |
| २० | भानुभक्त राई | धनकुटा-१० | ब्यक्तिगत | बाखा पालन |

निर्णय नं. ६

धनकुटा नगरपालिकाको चालु आर्थिक बर्षको लागि स्वीकृत पूँजिगत कार्यक्रम अनुसार तपसिलका योजनाहरु परिमार्जनका सम्बन्धित वडा कार्यालयहरुबाट अनुरोध भई आएको हुँदा उक्त योजनाहरुलाई माग अनुसार परिमार्जित योजना स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :

| क.स. | वडा कार्यालयको अनुरोध पत्र | नगर सभाबाट स्वीकृत योजनाको विवरण | स्वीकृत बजेट रु. | परिमार्जित योजनाको नाम |
|---|---|---|---|---|
| १ | धनकुटा नगरपालिका ४ नं. वडा कार्यालय, धनकुटाको च.न. ४३१ मिति २०७५।२।०१ को पत्र | पूँजिगत शिर्षक नं. १.७२ चिसोपानी देखि रोडलाम्बे सडक निर्माण | १,००,०००।- | छारागाउँ खेल मैदान स्तरोन्नति |
| २ | धनकुटा नगरपालिका ५ नं. वडा कार्यालयको च.न. ४२० मिति २०७६।२।०५ को पत्र | पूँजिगत शिर्षक नं. २.२२ बाल उद्यान कार्यक्रम | ३,००,०००।- | माथिल्लो कोप्चे टोलको हटियाको मुखमा ढलाई गर्ने र मुचुङ्गा होटल अगाडि भित्तामा पर्खाल लगाउने |

निर्णय न ७

धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट विभिन्न मितिमा सम्झौता गरी कार्य सम्पादन गरिएका र सम्झौताको लागि योजना तथा कार्यक्रम स्वीकृत भई कार्यान्वयनको चरणमा रहेका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुमा खर्च हुने गरी धनकुटा नगर कार्यपालिकाको चालु आर्थिक बर्षको लागि स्वीकृत भएका निम्नानुसार कार्यक्रमहरुबाट बजेट परिमार्जन एवम् समायोजन गरी खर्च गर्ने निर्णय गरियो ।

## तपसिल :

**परिमार्जन एवम् समायोजन गरिएको स्वीकृत बजेटको शिर्षक नम्बर**

| बजेट सि.न. | आयोजनाको नाम | बजेट |
|---|---|---|
| पूँजीगत तर्फ | | |
| ४.१५ | गरिब उपचार अनुदान कार्यक्रम | १८००००० |
| ४.१४ | विश्वविद्यालय साझेदारी कार्यक्रम | ७९०००० |
| ५.४ | प्रकोप संवेदनशिलता अध्ययन कार्यक्रम | ५००००० |
| २.३२ | पर्यटकलाई दिईने आतित्थ्यताबारे सरोकारवालाहरुलाई दिईने तालिम | ३००००० |
| चालु तर्फ | | |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | १५०००० |
| २२६१९ | अन्य भ्रमण खर्च | २५०००० |
| | **जम्मा** | **३७९००००** |

## खर्च समायोजन एवम् परिमार्जनबाट खर्च हुने योजना तथा कार्यक्रमहरु :

| क्र.स. | आयोजनाको नाम | कामको विवरण | ठेगाना | लागत बजेट |
|---|---|---|---|---|
| १ | याक्चना खानेपानी आयोजना | खानेपानी योजना | धनकुटा-८ | २३०००० |
| २ | हिले तेक्वान्दो | खेलकुद सामग्री खरिद | धनकुटा-१ | १००००० |
| ३ | सत्यदेवी महिला कृषि समुह | अदुवा खेती प्रर्वद्धन | धनकुटा-१ निगाले | २००००० |
| ४ | महिला बहुउद्धेशीय सहकारी संस्था | अदुवा खेती प्रर्वद्धन | धनकुटा-९ बेलहारा | १५०००० |
| ५ | चिया बगान टो.ब.स. | खानेपानी योजना | धनकुटा-१ | १२०००० |
| ६ | थिङ्गटोल बस्ति संगठन | खानेपानी योजना | धनकुटा-१ | ४०००० |
| ७ | अमरज्योति प्रा.बि. | निर्माण | धनकुटा-९ बेलहारा | ३०००० |
| ८ | सिंहदेबी प्रा.वि. खाल्डे | भवन निर्माण | धनकुटा-६ | २९०००० |
| ९ | त्रिशुले टोलबस्ति संगठन | खानेपानी योजना | धनकुटा-१ | २०१५०० |
| १० | शिवालय टोलबस्ति संगठन | भवन निर्माण निरन्तरता | धनकुटा-१ | १००००० |
| ११ | विहिबारे हटिया सडक | सडक स्तरोन्नती | धनकुटा-५ | ४२०००० |
| १२ | मार्गेश्वरी प्रा.बि. | विशेष कक्षा सञ्चालन | धनकुटा-४ | ३००००० |

| | | | | |
|---|---|---|---|---|
| १३ | सल्लेरी कबर्ड हल मर्मत | हल मर्मत | धनकुटा-६ | १४२००० |
| १४ | त्रिशुले शव दाह निर्माण | | धनकुटा-१ | १००००० |
| १५ | सामुदायिक रेडियो प्रसारक संघ नेपाल | राष्ट्रिय परामर्श कार्यक्रम | धनकुटा | २००००० |
| १६ | फाप्रे सिँचाई आयोजना | सिँचाई आयोजना | धनकुटा-२ | ३००००० |
| १७ | डुम्रे सान्ने ग्रामीण सडक | सडक निर्माण | धनकुटा-१० | २४०००० |
| १८ | अर्न्तपार्टी महिला सञ्जाल | अर्न्तपार्टी महिला सञ्जाल दिवस | धनकुटा | २५००० |
| १९ | जिल्ला सहकारी संघ | सहकारी दिबस | धनकुटा | ३०००० |
| २० | द शेभेन युथ क्लब | लागुऔषध दुब्यसन न्युनीकरण | धनकुटा-७ | ७५००० |
| २१ | कालापानी गुँरासे खानेपानी उ.स. | मोटर खरिद | धनकुटा-१ | ६८५०० |
| २३ | तामाङ्ग घेदुङ्ग संघ | शुभकामना आदान प्रदान कार्यक्रम | धनकुटा | १००००० |
| २४ | मधुमेही समाज नेपाल | स्वास्थ्य जाँच कार्यक्रम | धनकुटा | २०००० |
| २५ | अनेरास्ववियु धनकुटा बहुमुखी क्याम्पस | शैक्षिक सामग्री तथा फलफुल वितरण कार्यक्रम | धनकुटा | ८००० |
| २६ | जागृति महिला कृषक समुह | खानेपानी आयोजना | धनपा ९ | ३००००० |
| | **जम्मा** | | | ३७९०००० |

मिति : २०७६ श्रावण १० गते
समय : विहान ७.०० बजे
स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय

बैठक : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम धनकुटा नगर कार्यपालिकाको छब्बिसौं बैठक

अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग

उपस्थिति विवरण :

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | |
| १० | वडाध्यक्ष | श्री मनोज राय | |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य बहादुर राई (आठपहरिया) | |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | |
| २० | प्रमुख प्रशासकीय अधिकृत | श्री सुरेन्द्र थापा मगर | |
| २१ | प्रशासकीय अधिकृत | श्री डम्बर रोगु | |

छलफलका विषयहरु:

१. खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ ।

२. बाढी पहिरोबाट भएको विपद् व्यवस्थापन ।

३. विविध ।

निर्णय नं. १

नेपालको संविधानमा स्थानीय तहको एकल अधिकार सम्बन्धी अनुसूची ८ को सूची नम्बर १९ मा खानेपानी व्यवस्थापन सम्बन्धी भएको अधिकार अनुसार धनकुटा नगर क्षेत्र भित्र स्वच्छ खानेपानीको पहूच सबै नगरबासिहरुमा पुऱ्याउने उद्देश्यले स्वच्छ खानेपानीको ब्यबस्थापन गर्न खानेपानी उपभोक्ता समितिहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न आवश्यक भई विद्यायन समितिको मिति २०७६।४।०६ गतेको निर्णयानुसार प्रस्ताव भएको धनकुटा नगरपालिका खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

हालसालै परेको अविरल बर्षातको कारणले बाढी पहिरो गई यस नगर क्षेत्रका विभिन्न सडकहरु भत्किएर सवारी आवगमनमा अवरोध पुगेको एवम् व्यक्तिगत तथा सार्वजनिक संरचनाहरुमा क्षती पुगेको विवरणहरु सम्बन्धित वडा कार्यालयहरुबाट प्राप्त गरी तयार भएको प्रतिवेदनको सम्बन्धमा छलफल भई नगर क्षेत्रमा भएको क्षतिको तपसिल बमोजिम संरचना सुधार तथा राहत प्रदान गर्न नगरपालिकाको सञ्चित कोषबाट विपद् व्यवस्थापन कोषमा रु. १०,००,०००।- (दश लाख ) रकम रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल :

१. वडा कार्यालयहरु जोडने प्रमुख सडकहरुको क्षतिको स्थलगत रुपमा प्राविधिक मूल्याङ्कन गराई प्राप्त लागत प्रतिवेदनको आधारमा सडकमा भत्केर झरेको माटो डोजर लगाई माटो हटाउने र सडक आवत जावतमा अवरोध पुग्ने गरी भत्केका खोल्सीहरुमा तारजाली एवम् टेवा पर्खाल लगाउने ।

२. वर्षातको कारणले पूर्ण क्षतिमा परेका घर संरचनाहरुलाई प्रति घर रु. १०,०००।- को दरले राहत प्रदान गर्ने ।

३. आंशिक क्षतिमा परेका घरहरुलाई प्रति घर रु. ५,०००।- को दरले राहत प्रदान गर्ने ।

उक्त राहत प्रदान गर्नका लागि स्थलगत अध्ययन गरी सिफारिस गर्न तपसिल बमोजिमको राहत वितरण सिफारिस समिति गठन गरियो ।

तपसिल :

१. संयोजक श्री जंग बहादुर राई (वडाध्यक्ष)

२. सदस्य श्री नरेश श्रेष्ठ (वडाध्यक्ष)

३. सदस्य श्री सर्मिता राई (कार्यपालिका सदस्य)

४. सदस्य श्री मिङमा दोर्जी शेर्पा ( इन्जिनियर)

५. सदस्य सचिव श्री उपेन्द्र खनाल - वित्त अधिकृत एवम् विपद् व्यवस्थापन सम्पर्क व्यक्ति

**निर्णय नं. ३**

धनकुटा नगरपालिका वडा नं. ८ बस्ने संकर राईको एक छोरा र दुई छोरी गोठाला गएको समयमा नदिको किनारमा खेल्दै गर्दा मिति २०७६ साल श्रावण ५ गते दिन तमोर नदीले बगाई हाल सम्म बेपत्ता भएकाले निजलाई राहत वापत प्रदान गरिएको रु. ४०,०००।- (चालिस हजार) रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

चालु आर्थिक बर्षको लागि हिले हटिया ठेक्का व्यवस्थापन गर्न प्रकासित सूचना अनुसार बोलपत्र स्वीकृत भएको पहिलो तथा दोश्रो प्रस्तावदाताले सम्झौता नगरेकाले अर्को सूचना प्रकासित गर्न समय नभएको र तत्काल ठेक्का व्यवस्थापन गर्नु पर्ने भएकोले कार्यालयले बोलपत्रमा तोकिएको न्यूनतम अंकमा ठेक्का व्यवस्थापन गर्न गरेको सम्झौता अनुमोदन गरियो ।

मिति : २०७६ श्रावण ३० गते
समय : विहान ८. ०० बजे
स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय

बैठक : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम धनकुटा नगर कार्यपालिकाको सत्ताईसौं बैठक

अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग

उपस्थिति विवरण :

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | |
| १० | वडाध्यक्ष | श्री मनोज राय | |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य राई | |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | |
| २० | प्रमुख प्रशासकीय अधिकृत | श्री राम बहादुर थापा | |
| २१ | प्रशासकीय अधिकृत | श्री डम्बर रोगु | |

प्रस्तावहरु :

१. आधिकारीक प्रतिनिधि तोक्ने सम्बन्धमा ।
२. वडा कार्यालयबाट कर संकलन गर्ने सम्बन्धमा ।
३. विविध ।

**निर्णय नं. १.**

रिट निवेदक जिल्ला धनकुटा, धनकुटा नगरपालिका वडा नं. ६ बस्ने ठाकुर प्रसाद बरालले यस धनकुटा नगरपालिका तथा सो का प्रमुख चिन्तन तामाङ्ग समेतका विरुद्ध उच्च अदालत विराटनगर धनकुटा इजलासमा नेपालको संविधान २०७२ को धारा १४४ उपधारा (१) र (२) बमोजिम उत्प्रेषण मिश्रीत परमादेश लगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरी पाउँ मुद्धा दर्ता गरेकोमा सोको १५ दिने कारण देखाउको म्याँद जारी भई यस नगरपालिका समेतले मिति २०७६।०४।०५ गते बुझी पाएकोमा गुज्रेको म्याँद समेत थामी जे जो गर्न पर्ने गरी लिखित जवाफ दर्ता गर्नका लागि यस नगर कार्यपालिकाको तर्फबाट कानून बमोजिमको प्रतिनिधि यस नगर कार्यपालिकाको कर्मचारी नायव सुव्वा श्री ज्ञान बहादुर राईलाई तोकी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २.**

रिट निवेदक जिल्ला धनकुटा, धनकुटा नगरपालिका वडा नं. ४ बस्ने उपेन्द्र खनाल समेतले यस धनकुटा नगरपालिका तथा सो का प्रमुख चिन्तन तामाङ्गका विरुद्ध उच्च अदालत विराटनगर धनकुटा इजलासमा परमादेशको आदेश जारी गरी पाउँ मुद्धा दर्ता गरेकोमा सो को १५ दिने कारण देखाउको म्याद जारी भई यस नगरपालिका समेतले मिति २०७६।४।०९ गते बुझी पाएकोमा गुज्रेको म्याद समेत थामी जे जो गर्नु पर्ने गरी लिखित जवाफ दर्ता गर्नका लागि लागि यस नगर कार्यपालिकाको तर्फबाट कानून बमोजिमको प्रतिनिधि यस नगर कार्यपालिकाको कर्मचारी नायव सुव्वा श्री ज्ञान बहादुर राईलाई तोकी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

स्थानीय सरकारको आधारभूत सेवा तह वडा कार्यालयबाटै सम्पूर्ण राजश्व संकलन गरी सेवा प्रवाह गर्नका लागि एकीकृत सम्पत्ति कर, व्यवसाय कर लगायतका सवै प्रकारका राजश्व संकलन सम्बन्धी कार्यहरु २०७६ साल भदौ मसान्त भित्रमा सवै वडाहरुमा वडा कार्यालयबाटै संकलन गर्ने र सो कार्यका लागि आवश्यक जनशक्ति एवम् प्राविधिक व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

२०७६ साल श्रावण ३१ गते नेवारी समुदायमा मनाईने साँस्कृतिक पर्व गाईजात्रा पर्वको अवसरमा धनकुटा नगरपालिका क्षेत्रमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

गत आर्थिक बर्षमा सम्पन्न योजना कार्यक्रमको प्रगति समीक्षाका लागि २०७६ साल भदौ भित्रमा बार्षिक समीक्षा गोष्ठीको आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

२०७६ साल भदौ १४ गतेका दिन उपप्रमुख श्री शकुन्तला बस्नेतको संयोजकत्वमा धनकुटा नगरपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरुको सहभागितामा नेपालीहरुको महान पर्व तीज विशेष कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

धनकुटा नगरपालिका क्षेत्रमा मात्र बसोबास गर्ने अल्पसंख्यक आठपहरिया जातिको संग्रहालय निर्माण गर्ने प्रयोजनको लागि प्राविधिक परामर्शदाता B & B Engineering Consultancy मार्फत तयार भएको विस्तृत परियोजना प्रतिवेदन(DPR) स्वीकृत गरियो । उक्त विस्तृत परियोजना प्रतिवेदन अनुसारको आठपहरिया संग्रहालय निर्माणको लागि परराष्ट्र मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

मिति : २०७६ भदौ ११ गते
समय : दिनको २.०० बजे
स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय
बैठक : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम धनकुटा नगर कार्यपालिकाको अट्ठाइसौं बैठक
अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग
उपस्थिति विवरण :

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | |
| १० | वडाध्यक्ष | श्री मनोज राय | |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य बहादुर राई (आठपहरिया) | |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | |
| २० | प्रमुख प्रशासकीय अधिकृत | श्री राम बहादुर थापा | |
| २१ | प्रशासकीय अधिकृत | श्री डम्बर रोगु | |

छलफलका विषयहरु:

१. खानेपानी सम्बन्धी ।
२. राजश्व सम्बन्धी ।
३. विविध ।

निर्णय नं. १

धनकुटा नगरपालिकाको धनकुटा बजार क्षेत्रमा खानेपानी सेवा उपलब्ध गराउन गठित धनकुटा खानेपानी तथा सरसफाई उपभोक्ता समितिले विद्यमान विधान अनुरुप प्रतिनिधित्व प्रणालीबाट गठन हुने समितिबाट स्वच्छ खानेपानीको व्यवस्थापन गर्न नसकेको हुँदा विधान परिमार्जन गर्न खानेपानी उपभोक्ता समितिका पदाधिकारी सहितको उपस्थितिमा मिति २०७६।२।२६ मा नगर प्रमुखको समुपस्थितिमा भएको सर्वपक्षीय बैठकबाट गरिएको निर्णयानुसार उक्त बैठकबाट दिएको निर्देशन पालना नगरेको हुँदा धनकुटा नगरपालिका, खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ को दफा १२ को उपदफा ४ बमोजिम उक्त समितिको दर्ता खारेज गर्ने विधान परिमार्जन नगरी निर्वाचन प्रणालीलाई अवलम्बन गर्दा  हाल निर्वाचन मार्फत नयाँ कार्य समिति चयन हुन नसकी खानेपानी व्यवस्थापन समस्यामा परेकोले उक्त कार्यविधिको दफा १५ बमोजिम अर्को समितिको व्यवस्था नभएसम्म समितिको सञ्चालन धनकुटा नगरपालिकाले गर्ने र सो अवधिका लागि तपसिलको तदर्थ समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

१. अध्यक्ष : श्री चिन्तन तामाङ्ग - (प्रमुख)
२. उपाध्यक्ष : श्री नरेन्द्र पोखेल, धनकुटा न.पा. ७
३. सचिव : श्री अर्जुन छाराहाङ्ग, धनकुटा न.पा. १
४. कोषाध्यक्ष : श्री रोशन श्रेष्ठ, धनकुटा न.पा. ५
५. सदस्य : श्री जम्सेर राई, वडाध्यक्ष, धनकुटा न.पा. ४
६. सदस्य : श्री धन कुमार राई (आठपहरिया),  वडाध्यक्ष, धनकुटा न.पा. ५
७. सदस्य : श्री जंग बहादुर राई, वडाध्यक्ष, धनकुटा न.पा. ७
८. सदस्य : श्री सर्मिता राई, कार्यापालिका सदस्य
९. सदस्य श्री विप्लव श्रेष्ठ, धनकुटा न.पा. ७

निर्णय नं. २

नेपाल निर्माण व्यवसायी संघ धनकुटाको च.न. ४२ मिति २०७६।५।५ गतेको निर्माण व्यवसायी इजाजत पत्र नविकरण दस्तुर परिमार्जन र जरिवाना छुट सम्बन्धी अनुरोधपत्र र धनकुटा नगरपालिका राजश्व परामर्श समितिको मिति २०७६।५।६ गतेको निर्णय बमोजिम गरिएको सिफारिस अनुसार धनकुटा नगरपालिकाको आर्थिक ऐन, २०७६ को अनुसूची ४ को व्यवसाय कर को क्र.स. ६८ मा निर्माण व्यवसायी (ठेकेदार) को लागि तोकिएको दररेट रु. ३०००।- (तीन हजार) लाई परिमार्जन गरी आर्थिक बर्ष २०७५/७६ सम्मको बक्यौताको लागि मात्र उल्लेखित व्यवसाय कर लिने र बक्यौता रकममा लाग्ने जरिवाना छुट दिने गरी संसोधन गरी कार्यान्वयन गर्ने र आगामी नगर सभामा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

धनकुटा नगरपालिका, “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ को उपदफा २ र ३ सँग सम्बन्धित अनुसूची २ बमोजिम लिईने दर्ता तथा नविकरण दस्तुरलाई परिमार्जन गरी      रु ३०००।- (तीन हजार) कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम धनकुटा नगरपालिका नगर दररेट निर्धारण सिफारिस समितिको मिति २०७६ साल भाद्र ३, ४ र ५ गतेको निर्णयानुसार पेश भएको धनकुटा नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को लागि निर्माण सामाग्री, ढुवानीको दररेट, मेसिन तथा उपकरणको भाडा तथा कामदारको ज्याला सम्बन्धी दररेटहरु स्वीकृत गर्न निर्णय गरियो ।

निर्णय नं. ५

हालसालै परेको अविरल बर्षातको कारणले बाढी पहिरा गई क्षति पुगेका व्यक्तिगत घर संरचनाहरुको स्थलगत अध्ययन कार्यको लागि गठित समितिको मिति २०७६।४।...गतेको बैठकबाट सिफारिस भई आएका पूर्ण तथा आंशिक क्षति पुगेका संरचना धनीहरुलाई तपसिल बमोजिम राहत उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

वडा नं. १

| क्र. स. | नाम थर | टोल | क्षति विवरण | पांउने रकम | |
|---|---|---|---|---|---|
| १ | डिल्ली प्रसाद राई | चांदनी चोक | पूर्ण | १०००० | |
| २ | रूद्रकुमारी आले | चांदनी चोक | पूर्ण | १०००० | |
| ३ | शुकबहादुर राई | तोङ्वा चोक | पूर्ण | १०००० | |
| ४ | उदयबहादुर घिमिरे | तोङ्वा चोक | पूर्ण | १०००० | |
| ५ | लोकबहादुर मगर | तोङ्वा चोक | पूर्ण | १०००० | |
| ६ | चन्द्रबहादुर राई | ओक्मालुङ | पूर्ण | १०००० | |
| ७ | गजेन्द्र राई | कैलेनी | पूर्ण | १०००० | |
| ८ | कृष्ण श्रेष्ठ | चांदनी चोक | आंशिक | ५००० | |
| ९ | थामलाल राई | चांदनी चोक | आंशिक | ५००० | |
| १० | बलिन्द्र राई | तोङ्वा चोक | आंशिक | ५००० | |
| ११ | दिलबहादुर पिठाकोटे | चियाबगान | आंशिक | ५००० | |
| १२ | कृष्ण कुमार हमाल | सुकेपोखरी | आंशिक | ५००० | |
| | **जम्मा** | | | ९५००० | |

वडा नं. २

| क्र. स. | नाम थर | टोल | क्षति विवरण | पांउने रकम | |
|---|---|---|---|---|---|
| १ | नरेशबहादुरराई | बैरेटोल | पूर्ण | १०००० | |
| २ | शेरबहादुर बस्नेत | जलकन्या | आङशिक | ५००० | |
| ३ | गजेन्द्र राई | चांपे | आङशिक | ५००० | |
| ४ | आईतबहादुर राई | बेलडाडा | आङशिक | ५००० | |
| ५ | शंकर राई | बैरेटोल | आङशिक | ५००० | |
| ६ | धनबहादुर राई | तिरडाङ लाला | आङशिक | ५००० | |
| ७ | मरिचमान राई | मधुगंगा | आङशिक | ५००० | |
| | **जम्मा** | | | **४००००** | |

वडा नं. ३

| क्र. स. | नाम थर | टोल | क्षति विवरण | पांउने रकम | |
|---|---|---|---|---|---|
| १ | छत्र पौडेल | सिप्तिङ | पूर्ण | १०००० | |
| २ | गंगाबहादुर राई | मालबासे | पूर्ण | १०००० | |
| ३ | डेकबहादुर नेपाली | कागते | आङशिक | ५००० | |
| ४ | य⚒ गुरागाई | कागते | आङशिक | ५००० | |
| ५ | खम्ब सिं कार्की | मार्गा पाल्ले | आङशिक | ५००० | |
| ६ | गोपाल वि क | पंचकन्या | आङशिक | ५००० | |
| ७ | कमला राई | त्रिवेणी | आङशिक | ५००० | |
| ८ | राजकुमार राई | त्रिवेणी | आङशिक | ५००० | |
| ८ | बुद्धमाया राई | मालबासे | आङशिक | ५००० | |
| १० | ईन्द्रबहादुर राई | मालबासे | आङशिक | ५००० | |
| | **जम्मा** | | | **६००००** | |

वडा नं. ४

| क्र. स. | नाम थर | टोल | क्षति विवरण | पांउने रकम | |
|---|---|---|---|---|---|
| १ | पदमबहादुर श्रेष्ठ | पृथ्वीमार्ग | पूर्ण | १०००० | |
| २ | तुलशा वि.क | जागरण | पूर्ण | १०००० | |
| ३ | मानबहादुर रणपहेली | जागरण | पूर्ण | १०००० | |
| ४ | शम्भु मग्राती | नुनथला | आंशिक | ५००० | |
| ५ | पूर्णबहादुर श्रेष्ठ | गणेशधारा | आंशिक | ५००० | |
| ६ | राजकुमार हेङ्गन | हातेमालो | आंशिक | ५००० | |
| ७ | एन्जिला कामी | जागरण | आंशिक | ५००० | |
| ८ | शरण विश्वकर्मा | जागरण | आंशिक | ५००० | |
| ९ | शंकर तामाङ | सल्लेरी | आंशिक | ५००० | |
| १० | ईच्छा राई | नुनथला | आंशिक | ५००० | |
| ११ | अतिमाया राई | अमलाटार | आंशिक | ५००० | |
| | **जम्मा** | | | **७००००** | |

वडा नं. ५

| क्र. स. | नाम थर | टोल | क्षति विवरण | पांउने रकम | |
|---|---|---|---|---|---|
| १ | जमुना लुङ्गेली | माथिल्लो कोप्चे | पूर्ण | १०००० | |
| २ | कृष्णकुमारी राई | तलेघर | पूर्ण | १०००० | |
| ३ | दिपक श्रेष्ठ | तलेघर | पूर्ण | १०००० | |
| ४ | डिल्लीमान सुन्दास | हटिया | पूर्ण | १०००० | |
| ५ | देशबहादुर राई | तल्लो कोप्चे | पूर्ण | १०००० | |
| ६ | मिना श्रेष्ठ | टुडिखेल | पूर्ण | १०००० | |
| ७ | पार्वती श्रेष्ठ | तल्लो कोप्चे | पूर्ण | १०००० | |
| ८ | पर्मिला भुसाल | हटिया | आंशिक | ५००० | |
| ९ | चन्द्रभगत प्रधान | तल्लो कोप्चे | आंशिक | ५००० | |
| १० | सुरज नेपाली | बालमन्दिर | आंशिक | ५००० | |
| ११ | शुक्र योगि | टुडिखेल | आंशिक | ५००० | |
| १२ | बिरबल योगी | टुडिखेल | आंशिक | ५००० | |
| | **जम्मा** | | | **९५०००** | |

वडा नं. ६

| क्र. स. | नाम थर | टोल | क्षति विवरण | पांउने रकम | |
|---|---|---|---|---|---|
| १ | कल्याणभक्त श्रेष्ठ | फोक्लेन टापु | पूर्ण | १०००० | |
| २ | कमल तिगेला | फोक्लेन टापु | पूर्ण | १०००० | |
| ३ | तेजबहादुर राई | फोक्लेन टापु | पूर्ण | १०००० | |
| ४ | पदमशेर राई | फोक्लेन टापु | पूर्ण | १०००० | |
| ५ | श्यामकुमारी राई | फोक्लेन टापु | पूर्ण | १०००० | |
| ६ | कलपना गुरागाई | फोक्लेन टापु | पूर्ण | १०००० | |
| ७ | खेमराज पौडेल | नाशल | पूर्ण | १०००० | |
| ८ | मिलन खड्गी | नाशल | पूर्ण | १०००० | |
| ९ | दावा तामाङ | नाशल | पूर्ण | १०००० | |
| १० | सम्पूर्ण राई | बरबोटे | पूर्ण | १०००० | |
| ११ | भिमबहादुर बस्नेत | मा. खालडे | पूर्ण | १०००० | |
| १२ | शान्तबहादुर राई | फोक्लेन टापु | आंशिक | ५००० | |
| १३ | घनेन्द्रराज श्रेष्ठ | फोक्लेन टापु | आंशिक | ५००० | |
| १४ | बृष मल्लिक | फोक्लेन टापु | आंशिक | ५००० | |
| १५ | कृष्णबहादुर श्रेष्ठ | सरश्वति | आंशिक | ५००० | |
| १६ | खड्गबहादुर मगर | सरश्वति | आंशिक | ५००० | |
| १७ | तिलक प्रसाद काफ्ले | कचिडे | आंशिक | ५००० | |
| १८ | मुकुन्द राई | राईकुवा | आंशिक | ५००० | |
| १९ | तिलमाया दाहाल | गोठगांउ | आंशिक | ५००० | |
| २० | पुन्यकुमारी कोईराला | कचिडे | आंशिक | ५००० | |
| २१ | उद्धव कटुवाल | याक्टेली | आंशिक | ५००० | |
| २२ | चन्द्रबहादुर कटुवाल | याक्टेली | आंशिक | ५००० | |
| | **जम्मा** | | | **१६५०००** | |

वडा नं. ७

| क्र. स. | नाम थर | टोल | क्षति विवरण | पांउने रकम | |
|---|---|---|---|---|---|
| १ | कमला श्रेष्ठ | जिरोप्वाईन्ट | पूर्ण | १०००० | |
| २ | शिवकुमार श्रेष्ठ | जिरोप्वाईन्ट | पूर्ण | १०००० | |
| ३ | नारायण प्रसाद श्रेष्ठ | जिरोप्वाईन्ट | पूर्ण | १०००० | |
| ४ | रामबहादुर राई | जिरोप्वाईन्ट | पूर्ण | १०००० | |
| ५ | मनकुमारी राई | जिरोप्वाईन्ट | पूर्ण | १०००० | |
| ६ | महेन्द्र तामाङ | जिरोप्वाईन्ट | पूर्ण | १०००० | |
| ७ | टेकबहादुर थापा | पाङसुङ | पूर्ण | १०००० | |
| ८ | जिता श्रेष्ठ | तुलसीकुवा | पूर्ण | १०००० | |
| ९ | शान्तबहादुर राई | त्रिबेणी | पूर्ण | १०००० | |
| १० | कल्पना महर्जन | सितलपाटी | पूर्ण | १०००० | |
| ११ | पवित्रा राई | छोटी | पूर्ण | १०००० | |
| १२ | अष्टबहादुर राई | मोतिटोल | पूर्ण | १०००० | |
| १३ | सिममाया राई | पाङसुङ | पूर्ण | १०००० | |
| १४ | शुक्रबहादुर राई | फोङसुवा | पूर्ण | १०००० | |
| १५ | आईतमाया लिम्बु | पाङसुङ | पूर्ण | १०००० | |
| १६ | चन्द्रकुमारी तामाङ | श्रीकृष्ण | पूर्ण | १०००० | |
| १७ | पुकार शाही | रमाईलो घुम्ती | पूर्ण | १०००० | |
| १८ | ताराकुमार राई | जिरोप्वाईन्ट | आंसिक | ५००० | |
| १९ | गंगाबहादुर राई | त्रिबेणी | आंसिक | ५००० | |
| २० | कैलास पौडेल | जिरोप्वाईन्ट | आंसिक | ५००० | |
| २१ | चेतुलाल आले | बछलादेवी | आंसिक | ५००० | |
| २२ | गिता वराईली | रमाईलो घुम्ती | आंसिक | ५००० | |
| २३ | मिनबहादुर नेपाली | बछलादेवी | आंसिक | ५००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | तिरि लिम्बु | देउराली | आंसिक | ५००० | |
| २५ | बस्तीलाल राई | टोमुवा | आंसिक | ५००० | |
| २६ | मणीप्रसाद राई | बरढाङ | आंसिक | ५००० | |
| | **जम्मा** | | | **२१५०००** | |

वडा नं. ८

| क्र. स. | नाम थर | टोल | क्षति विवरण | पांउने रकम | |
|---|---|---|---|---|---|
| १ | विकास राई | पिप्मेरी | पूर्ण | १०००० | |
| २ | रक्षाबहादुर राई | पिप्ले | पूर्ण | १०००० | |
| ३ | आईतबहादुर राई | देउराली | पूर्ण | १०००० | |
| ४ | ज्यानबहादुर राई | जलदेवी | पूर्ण | १०००० | |
| ५ | जीवन राई | पेलेक्पाङ | आंसिक | ५००० | |
| ६ | कुलध्वज राई | पेलेक्पाङ | आंसिक | ५००० | |
| ७ | नारायणश्वरी राई | सयपत्री | आंसिक | ५००० | |
| ८ | पूर्णबहादुर राई | पोखरी | आंसिक | ५००० | |
| ९ | धनकुमार राई | सृजना | आंसिक | ५००० | |
| १० | ग्रीष्टाहाङ राई | जलदेवी | आंसिक | ५००० | |
| ११ | कृष्णलाल राई | जलदेवी | आंसिक | ५००० | |
| १२ | केवलबहादुर राई | डाडाटोल | आंसिक | ५००० | |
| १३ | धनगढी राई | चामजिबुङ | आंसिक | ५००० | |
| १४ | रजिनलाल राई | मार्गा | आंसिक | ५००० | |
| | **जम्मा** | | | **९००००** | |

वडा नं. ९

| क्र. स. | नाम थर | टोल | क्षति विवरण | पांउने रकम | |
|---|---|---|---|---|---|
| १ | हिरा मगर | रुद्रबारी | पूर्ण | १०००० | |
| २ | भीमबहादुर राना | रुद्रबारी | पूर्ण | १०००० | |
| ३ | टिकाराम विश्र्वकर्मा | गुठीटार | पूर्ण | १०००० | |
| ४ | चन्द्रबहादुर तामाङ | कमलाबारी | पूर्ण | १०००० | |
| ५ | बेदप्रसाद रोईला | रोयलागांउ | पूर्ण | १०००० | |
| ६ | शान्ताकुमारी हिङमाङ | रायागाउं | पूर्ण | १०००० | |
| ७ | सूर्यबहादुर दमाई | रायागाउं | आंसिक | ५००० | |
| ८ | पवित्रादेबी राई | थानी | आंसिक | ५००० | |
| ९ | वीरबहादुर आले | खुरिल्ला | आंसिक | ५००० | |
| | **जम्मा** | | | **७५०००** | |

वडा नं. १०

| क्र. स. | नाम थर | टोल | क्षति विवरण | पांउने रकम | |
|---|---|---|---|---|---|
| १ | राजेन्द्र भट्टराई | जल्पादेवी | पूर्ण | १०००० | |
| २ | धर्म राई | डुम्रेसानान्रे | पूर्ण | १०००० | |
| ३ | बिष्णुबहादुर खतिवडा | धर्मशाला | आंशिक | ५००० | |
| ४ | रेखबहादुर भट्टराई | जल्पादेवी | आंशिक | ५००० | |
| ५ | गणेशबहादुर दाहाल | डुम्रेसानान्रे | आंशिक | ५००० | |
| ६ | भिमबहादुर अधिकारी | डुम्रेसानान्रे | आंशिक | ५००० | |
| ७ | लक्ष्मी अधिकारी | डुम्रेसानान्रे | आंशिक | ५००० | |
| | **जम्मा** | | | **४५०००** | |

निर्णय नं. ६

धनकुटा नगर कार्यपालिकाको कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको निवेदनको माग अनुसार तपसिल बमोजिम उपलब्ध गराईएका आर्थिक सहायता रकम विवरणलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.न. | भूक्तानी पाउनेको नाम | भूक्तानी रकम | ठेगाना | |
|---|---|---|---|---|
| १ | फिलिन्द्र बहादुर विस्ट | १००००। | धनपा ९ | |
| २ | मिना कुमारी बरुवाल | ३०,०००। | धनपा १ | |
| ३ | नार्मसरी राई | ४०००। | धनपा ८ | |
| ४ | श्रीमाया सारु | १५,०००। | धनपा ६ | |
| ५ | किरण मास्के | २०००। | धनपा ५ | |
| ६ | जस माया राई | ५०००। | धनपा ८ | |
| ७ | भिम बहादुर तामाङ | १००००। | धनपा १ | |
| ८ | रिया राई | १००००। | धनपा ५ | |
| ९ | बुद्ध माया राई | १०,०००। | धनपा १ | |
| १० | बैसा माया राई | ५०००। | धनपा ८ | |

निर्णय नं. ७

धनकुटा नगरपालिका क्षेत्रमा सञ्चालित तपसिल बमोजिमका विद्यालयहरुलाई विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक कार्यक्रम सञ्चालन गर्न शिक्षण सहयोगका लागि स्वीकृत पूँजिगत कार्यक्रमतर्फ क्र.स. १६६ बजेट शिर्षक नं. ३११७१ जनताको अपेक्षा नगरको सुभेक्षा कार्यक्रममा विनियोजित बजेटबाट निम्नानुसार रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

१. श्री सल्लेरी आधारभूत विद्यालय, धनकुटा नगरपालिका वडा नं. ५ लाई रु. ३,००,०००।- (तीन लाख)
२. श्री देउराली माध्यमिक विद्यालय, धनकुटा नगरपालिका वडा नं. ८ लाई रु. ४,००,०००।- (चार लाख)

निर्णय नं. ८

प्रमुख र उपप्रमुखज्यूको सवारी साधन चलाउने सवारी चालक श्री अमर बहादुर राईलाई मासिक रुपमा बिशेष सुविधा बापत रु. १०,०००।- (दस हजार) को दरले भक्ता उपलब्ध गराउने र निजहरुलाई काठमाडौ जाँदाको समयमा मात्र दैनिक भ्रमणभत्ता रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९

धनकुटा नगरपालिका क्षेत्रमा परेको अविरल बर्षातको कारणले सडकहरु भत्किई सवारी साधन आवत जावत गर्न अवरोध पुगेको हुँदा सडकहरु मर्मत सम्भार गर्नका लागि विशेष बजेटको व्यवस्था गर्नु पर्ने भएकाले चालु आर्थिक बर्षमा वडास्तरीय योजनाहरुको लागि विनियोजन ऐन, २०७६ मा स्वीकृत भएको वडा समिति शिर्षकमा विनियोजित बजेट रु. ५,९०,००,०००।- (पाँच करोड नब्बे लाख) को ५.५ % ले हुन आउने बजेट कट्टा गरी स्थानीय सञ्चित कोषमा रु. ३२,४५,०००।- (बत्तिस लाख पैतासिल हजार) रकम जम्मा गर्ने र प्रत्येक वडाको सिफारिस बमोजिम विनियोजन भएको रु. १५,००,०००।- (पन्ध्र लाख) का योजनाहरुबाट वडालाई विनियोजन भएको कुल बजेटको अनुपातको आधारमा तपसिल बमोजिम बजेट कट्टा गरी बजेट कायम गरी खर्च गर्ने र आगामी नगर सभामा विनियोजन ऐन संशोधन प्रस्ताव अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

तपसिल :

| वडा नं. | स्वीकृत वडा बजेट | कट्टा हुने बजेट |
|---|---|---|
| १ | ७०,००,००० | ३,८५,०००।- |
| २ | ६०,००,००० | ३,३०,०००।- |
| ३ | ५५,००,००० | ३,०२,५००।- |
| ४ | ५५,००,००० | ३,०२,५००।- |
| ५ | ५५,००,००० | ३,०२,५००।- |
| ६ | ६०,००,००० | ३,३०,०००।- |
| ७ | ६०,००,००० | ३,३०,०००।- |
| ८ | ६०,००,००० | ३,३०,०००।- |
| ९ | ६०,००,००० | ३,३०,०००।- |
| १० | ५५,००,००० | ३,०२,५००।- |

निर्णय नं. १०

निर्णय नं. ९ बमोजिम वडालाई विनियोजन भएको कुल रकमबाट ५.५% ले कट्टा गरी जम्मा हुन आउने रकम रु. ३२,४५,०००।- (बत्तिस लाख पैतालिस हजार) बाट असार अन्तिम साता देखि अविरल बर्षादबाट अवरुद्ध भएका सडक खुलाउने, बगाएका सडकको ट्र्याक निर्माण गर्ने कार्यमा भएको खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

मिति : २०७६ भदौ २७ गते
समय : विहान ११.०० बजे
स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय

बैठक : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम धनकुटा नगर कार्यपालिकाको उनान्तिसौ बैठक

अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग

उपस्थिति विवरण :

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | |
| १० | वडाध्यक्ष | श्री मनोज राय | |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य बहादुर राई (आठपहरिया) | |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | |
| २० | प्रमुख प्रशासकीय अधिकृत | श्री राम बहादुर थापा | |
| २१ | प्रशासकीय अधिकृत | श्री डम्बर रोगु | |

निर्णय नं. १

धनकुटा नगरपालिका भित्रको भू-सतह वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको खानेपानीको श्रोत पहिचान, स्वच्छ खानेपानी उत्पादन, समुचित वितरण, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं पानीको लाभदायक उपयोगहरूको निर्धारण गर्न तत्काल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको अनुसूची ८ को सूची १९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ध) मा व्यवस्था भएको नगरपालिकाको काम कर्तव्य र अधिकारलाई व्यवस्थित गर्न धनकुटा नगर कार्यपालिकाको कार्यालयमा गठित मस्यौदा समितिको मिति २०७६।५।२६ गतेको बैठकबाट प्राप्त भएको मस्यौदा उपर विधेयक समितिले दफावार छलफल गरी मिति २०७६।५।२७ गतेको बैठकबाट सिफारिस भई पेश भएको दफा १ देखि २५ सम्म दफाहरु समावेश भएको धनकुटा नगरपालिका खानेपानी विधेयक, २०७६ उपर विस्तृत छलफल गरी मिति २०७६।५।२७ गते हुने नगर सभाको पाँचौ अधिवेसन बैठकमा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

## धनकुटा नगरपालिका खानेपानी विधेयक, २०७६

## विधेयक समितिबाट सिफारिस मितिः- २०७६।५।२७

२०७६ सालको विधेयक नं. ३

स्वच्छ खानेपानीको सेवा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : धनकुटा नगरपालिका भित्रको भू-सतह वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको खानेपानीको श्रोत पहिचान, स्वच्छ खानेपानी उत्पादन, समुचित वितरण, संरक्षण, व्यवस्थापन र विकास गर्न एवम् पानीको लाभदायक उपयोगहरूको निर्धारण गर्न तत्काल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको अनुसूची ८ को सूची १९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ध) ले दिएको अधिकार प्रयोग गरी धनकुटा नगरपालिकाको विधेयक समितिले मिति २०७६।५।२७ गतेमा यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम " धनकुटा नगरपालिका खानेपानी विधेयक, २०७६" रहेको छ ।

(२) यो ऐन धनकुटा नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"खानेपानी"** भन्नाले स्वच्छ पिउने पानी लाई सम्झनु पर्छ ।

(ख) **"खानेपानीको स्रोत"** भन्नाले धनकुटा नगरपालिका भित्रको भू-सतहमा वा भूमिगत वा नगरपालिका बाहिरको अन्य जुनसुकै अवस्थामा प्राप्त हुने पानी सम्झनुपर्छ ।

(ग) **"लाभदायक उपयोग"** भन्नाले उपलब्ध साधन र स्रोतले भ्याए सम्म उचित रूपले गरिने खानेपानी उपयोग सम्झनुपर्छ ।

(घ) **"अनुमति प्राप्त व्यक्ति"** भन्नाले खानेपानीको उपयोग गर्ने दफा ८ बमोजिम अनुमति प्राप्त निजी क्षेत्र वा सङ्गठित संस्था सम्झनु पर्छ ।

(ङ) "**उपभोक्ता संस्था वा उपभोक्ता समिति** " भन्नाले दफा ५ बमोजिम गठित खानेपानी उपभोक्ता संस्था/उपभोक्ता समिति सम्झनुपर्छ। यसलाई छोटकरीमा संस्था वा समिति भन्ने बुझ्नु पर्छ।

(च) **"तोकिएको" वा "तोकिएबमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(छ) **"प्रमुख"**भन्नाले धनकुटा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(ज) **"उपप्रमुख"**भन्नाले धनकुटा नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

**(झ) "प्रमुख प्रशासकीय अधिकृत"**भन्नाले धनकुटा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाइ सम्झनु पर्दछ।

**(ञ) "नगरपालिका"** भन्नाले धनकुटा नगरपालिकालाई सम्झनु पर्छ।

**(ट) "स्थानीय सरकार"** भन्नाले धनकुटा नगर कार्यपालिकालाई सम्झनु पर्छ।

३. **खानेपानीको स्वामित्व** : धनकुटा नगरपालिका भित्र रहेको तथा वाहिरबाट ल्याएको खानेपानीको स्वामित्व धनकुटा नगरपालिकामा निहित रहनेछ।

४. **खानेपानीको उपयोगः** (१) यस ऐन बमोजिम अनुमति प्राप्त नगरी कसैले पनि संस्थागत वा व्यवसायिक रुपमा सेवा शुल्क लिई खानेपानीको स्रोतको उपयोग गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम पानीको उपयोग गर्न अनुमति लिनुपर्ने छैन :-
(क) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,
(ख) जग्गा धनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको मुलको पानी उपयोग गर्न।
(३) खानेपानी उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरूलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नु पर्नेछ।

**५. उपभोक्ता संस्था वा समितिको गठन** : (१) सामुहिक लाभका लागि संस्थागत रूपमा खानेपानीको उपयोग गर्न चाहने व्यक्तिहरूले तोकिए बमोजिम उपभोक्ता संस्था वा उपभोक्ता समिति गठन गर्न सक्नेछन् ।
(२) उपदफा (१) बमोजिम गठन गरिएको उपभोक्ता संस्था वा उपभोक्ता समिति तोकिएको अधिकारी वा निकाय समक्ष तोकिएबमोजिम दर्ता गराउनु पर्नेछ।

**६. सङ्गठित संस्था हुने** : (१) उपभोक्ता संस्था/उपभोक्ता समिति अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ।
उपदफा (१) मा जेसुकै लेखिएको भएता पनि स्थानीय सरकारप्रति उत्तरदायी हुनु पर्नेछ।
(२) उपभोक्ता संस्था/उपभोक्ता समितिको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।
(३) उपभोक्ता संस्था/उपभोक्ता समितिले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।
(४) उपभोक्ता संस्था/उपभोक्ता समितिले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता संस्था/उपभोक्ता समिति उपर पनि सोही नामबाट नासिल उजूर लाग्न सक्नेछ।

**७. खानेपानीको प्राथमिकताक्रम** : (१) नगरभित्र खानेपानीको उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ :-

(क) पिउने पानी र घरेलु उपयोग,

(ख) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(ग) लघु घरेलु उद्योग उपयोग,

(घ) आमोद प्रमोदजन्य उपयोग,

(ङ) साधारण सिंचाई,

(च) अन्य उपयोग ।

(२) खानेपानी उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा जाँचबुझ समितिले उपदफा (१) को प्राथमिकताक्रम, दफा ४ को उपदफा (३) बमोजिम खानेपानी लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा खानेपानी उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जाँचबुझ समिति देहाय बमोजिम हुनेछ ।

क. संयोजक :– नगरपालिकाको पूर्वाधार विकास समितिको संयोजक

ख. सदस्य :– नगर प्रमुखले कार्यपालिकाको सदस्यहरु मध्येबाट तोकेको महिला सदस्य

ग. सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी

उपदफा (३) बमोजिमको समितिले गरेको कार्यमा चित्त नबुझेमा स्थानीय तहको न्यायिक समितिमा पन्ध्र दिनभित्र उजुरी गर्न सकिने छ ।

(४) उपदफा (३) बमोजिम तोकिएको समितिले सोही उपदफामा उल्लेखित व्यवस्थाको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ ।

**८. अनुमतिको व्यवस्था** : (१) खानेपानीको सर्वेक्षण वा उपयोग व्यवस्था गर्न चाहने व्यक्ति, सङ्गठित संस्था वा समितिले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका विवरणहरू खुलाई तोकिएको अधिकारी वा निकाय समक्ष अनुमतिको लागि दरखास्त दिनुपर्नेछ ।

तर खानेपानीको सर्वेक्षणको अनुमतिको लागि दरखास्त दिदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारी वा निकायले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले खानेपानीको सर्वेक्षणको अनुमतिको हकमा **तीस दिनभित्र** र खानेपानीको उपयोग व्यवस्थाको अनुमतिको हकमा **नब्बे दिनभित्र** तोकिए बमोजिमको ढाँचामा आवश्यक शर्तहरू तोकी दफा ७ को उपदफा (१) मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमति दिनुपर्नेछ ।

(३) दफा ४ को उपदफा (२) बमोजिम हुनेमा बाहेक यो ऐन प्रारम्भ हुनुभन्दा अगावैदेखि खानेपानीको उपयोग व्यवस्था गरिरहेको व्यक्ति, सङ्गठित संस्था वा समितिले पनि सेवा निरन्तरताका लागि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले बढीमा छ महिना भित्र तोकएको अधिकारी वा निकाय समक्ष अनुमतिको लागि दरखास्त दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारी वा निकायले आवश्यक जाँचबुझ गरी दरखास्त परेको मितिले साठी दिनभित्र तोकिए बमोजिमको ढाँचामा अनुमति दिनुपर्नेछ ।

(५) अनुमति प्राप्त व्यक्तिले खानेपानीको उपयोग व्यवस्था वापत स्थानीय सरकारलाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनुपर्नेछ ।

(६) अनुमति प्राप्त व्यक्तिले आफ्नो स्वामित्व कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा तोकिएको अधिकारी वा निकायबाट तोकिएबमोजिम स्वीकृति लिनुपर्नेछ ।

**९. स्थानीय सरकारले खानेपानीको उपयोग, सेवा सञ्चालन, व्यवस्थापन वा विकास गर्न सक्ने** : (१) स्थानीय सरकार आफैंले कुनै खानेपानीको उपयोग वा विकास गर्न यस ऐनको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको खानेपानी र सोसँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि स्थानीय सरकारले आफूले लिई विकास गर्न सक्नेछ ।

स्पष्टीकरण : यस ऐनको प्रयोजनको लागि “व्यापक सार्वजनिक उपयोग” भन्नाले भैरहेको उपयोगबाट लाभान्वित भएका जनसंख्यालाई उल्लेखनीय प्रतिकूल असर नपारी सो भन्दा बढी जनसंख्यालाई लाभ हुने उपयोगलाई जनाउनेछ ।

(३) उपदफा (२) बमोजिम आफूले लिएको खानेपानीको उपयोगसित सम्बन्धित जग्गा, भवन, उपकरण वा संरचना वापत स्थानीय सरकारले सम्बन्धित व्यक्तिलाई तोकिएबमोजिम क्षतिपूर्ति दिनेछ ।
(४) उपदफा (३) बमोजिम दिइने क्षतिपूर्तिको रकम उपदफा (२) बमोजिम स्थानीय सरकारले लिएको जग्गा, भवन, उपकरण तथा संरचनाको वर्तमान मूल्य (त्यसमा भएको टुटफुट र साधारण प्रयोगबाट भएको ह्रास कटाइ) को आधारमा निर्धारित गरिनेछ ।

**१०. खानेपानी विकासको परियोजना हस्तान्तरण गर्न सक्ने :** (१) स्थानीय सरकारले दफा ९ को उपदफा (१) वा (२) बमोजिम विकास गरेको कुनै खानेपानी सम्बन्धी परियोजनाको निर्माण समाप्त भैसकेपछि उपभोक्ता संस्था/समितिलाई आवश्यक शर्तहरू तोकी हस्तान्तरण गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना सञ्चालन यस ऐनको अधीनमा रही सम्बन्धित उपभोक्ता संस्था/समितिले गर्नेछ ।

**११. खानेपानीको उपयोगको लागि करार गर्न सक्ने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सरकारले कुनै स्वदेशी वा विदेशी कम्पनी, सङ्गठित संस्था वा व्यक्तिसित प्रचलित कानूनको अधीनमा रही करार गरी सोही करारमा उल्लेखित शर्तहरू बमोजिम कुनै खानेपानीको विकास, उपयोग र सेवा विस्तार गर्न, गराउन सक्नेछ ।

**१२. सेवा उपभोगका शर्तहरू तोक्न र सेवा शुल्क लिन पाउने :**
(१) स्थानीय सरकारले विकास गरेको खानेपानीको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क तोकिएबमोजिम निर्धारण गरी असुल उपर गर्न सक्नेछ ।
(२) अनुमति प्राप्त व्यक्तिले आफूले विकास गरेको खानेपानीको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन र त्यस्तो सेवा वापत शुल्क लिन सक्नेछ ।
स्पष्टीकरण : यस उपदफा बमोजिमको सेवा स्थानीय सरकारले आपसी सम्झौताको आधारमा लिई व्यवस्थापन गर्न सक्ने छ ।
(३) उपभोक्ताले खानेपानी सेवा उपभोग गरे वापत बुझाउनुपर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रूपले उपयोग गर्ने वा सेवा दुरूपयोग गर्ने वा शर्त विपरीत सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।
(४) अति विपन्न, दयनीय अवस्थाका असहाय, फरक क्षमता भएका, एकल महिला र असक्त ज्येष्ठ नागरिकहरुमात्र रहेको परिवारका लागि खानेपानी शुल्क तथा महशुलमा सहुलियत दिन सक्नेछ ।

**१३. अरूको घरजग्गामा प्रवेश गर्न सक्ने** : स्थानीय सरकारले वा अनुमति प्राप्त व्यक्ति, संस्था वा समितिले खानेपानीको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा स्थानीय सरकार वा अनुमति प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा स्थानीय सरकारले वा अनुमति प्राप्त व्यक्तिले तोकिएबमोजिम क्षतिपूर्ति दिनेछ ।
तर कुनै घर जग्गामा खानेपानीको अनाधिकृत उपयोग वा दुरूपयोग गरी रहेको शङ्का हुने मनासिब माफिकको कारण भएमा सो कुराको जाँचबुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पूर्व सूचना बिना पनि त्यस्तो कर्मचारीले सम्बन्धित घर जग्गमा प्रवेश गर्न सक्नेछ ।

**१४. अरूको घर जग्गाको उपयोग वा प्राप्ति** : (१) खानेपानीको उपयोगको लागि देहायको कुनै काम गर्न अरू कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमति प्राप्त व्यक्ति, संस्था वा समितिले स्थानीय सरकार समक्ष तोकिएबमोजिम निवेदन दिन सक्नेछः-
(क) बाँध वा तटबन्ध बाँध्न,
(ख) नहर, कुलो वा सुरुङ्ग खन्न,
(ग) जमीन माथि वा मुनि पानीको ट्याङ्की बनाउन वा पाइप लाइन बिछ्याउन,
(घ) पोखरी बनाउन वा खानेपानी वितरण केन्द्र स्थापना गर्न,
(ङ) खानेपानीको विकाससित सम्बन्धित अरू आवश्यक निर्माण कार्य गर्न ।
(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा स्थानीय सरकारले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रचलित कानून बमोजिम सङ्गठित संस्थालाई जग्गा प्राप्त गराइ दिए सरह अनुमति प्राप्त व्यक्ति, संस्था वा समितिलाई त्यस्तो घर जग्गा प्राप्त गराइदिन सक्नेछ ।

(३) स्थानीय सरकारले वा अनुमति प्राप्त व्यक्तिले खानेपानीको विकास वा उपयोग सम्बन्धी कुनै निर्माण कार्य गरेकोमा त्यस्तो निर्माण कार्य भएको ठाउँ वा सो ठाउँको वरिपरि तोकिएको दूरीमा पर्ने घर जग्गा अरू कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी स्थानीय सरकारले निषेध गर्न सक्नेछ । त्यसरी निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानीनोक्सानी वापत स्थानीय सरकार वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिएबमोजिम क्षतिपूर्ति दिनुपर्नेछ ।

**१५. खानेपानी संरचनाको सुरक्षा** :
(१) खानेपानीको स्रोत वा सम्पत्ति संरक्षण गर्नु सवै नागरिकको कर्तव्य हुनेछ ।
(२) खानेपानीको उपयोगसित सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमति प्राप्त व्यक्ति, संस्था वा समितिको अनुरोधमा वा स्वयम् सुरक्षा गर्न आवश्यक ठानेमा स्थानीय सरकारले आवश्यक प्रवन्ध गर्न सक्नेछ ।
(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त व्यक्तिको अनुरोधमा सुरक्षा प्रवन्ध गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च अनुमति प्राप्त व्यक्ति, संस्था वा समितिले व्यहोर्नेछ ।

**१६. खानेपानीको गुणस्तर तोक्ने** : (१) स्थानीय सरकारले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी खानेपानीको गुणस्तर तोक्न सक्नेछ ।
(२) खानेपानीको व्यवस्था गर्दा उपदफा (१) बमोजिम तोकिएको गुणस्तर कायम हुने गरी गर्नुपर्नेछ ।

**१७. खानेपानीको स्रोतलाई प्रदूषित गर्न नहुने** : (१) स्थानीय सरकारले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी खानेपानीको प्रदूषण सहन-सीमा तोक्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम तोकिएको खानेपानीको प्रदूषण सहन -सीमा नाघ्ने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी खानेपानीको स्रोतलाई प्रदूषित गर्नु हुँदैन ।
(३) खानेपानी प्रदूषित भए नभएको वा खानेपानीको स्रोत उपयोगको सम्बन्धमा दफा १६ को उपदफा (१) बमोजिम तोकिएको गुणस्तर भए नभएको सम्बन्धमा तोकिएको अधिकारीले आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ ।

**१८. वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने** : खानेपानीका स्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरण र लाभदायक उपयोगमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ ।

**१९. अनुमति खारेज गर्न सकिने** : (१) अनुमति प्राप्त व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गतको नियमावली, कार्यविधि विपरीत कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमति प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमति खारेज गर्न सक्नेछ ।
(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्बन्धित अनुमति प्राप्त व्यक्तिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

**२०. दण्ड सजाय** : (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली उल्लङ्घन गरेमा निजलाई तोकिएको अधिकारीले पाँचहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसूरबाट कसैको हानीनोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानीनोक्सानी वापतको क्षतिपूर्ति समेत भराई दिन सक्नेछ ।
(२) कसैले यस ऐन बमोजिम अनुमति लिनुपर्नेमा सो नलिई वा अनुमतिमा उल्लेख भएका शर्तहरू पालन नगरी खानेपानीको स्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँचहजार रूपैयाँसम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ ।
(३) यस ऐन बमोजिम विकास गरिएको खानेपानीको स्रोत वा त्यस्तो स्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरूपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा तोकिएको अधिकारीले निजबाट बिगो असूल गरी निजलाई बिगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ ।
(४) कसैले बदनियतसाथ कुनै खानेपानीको मुहान र उपयोगसित सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुर्‍याएमा वा त्यस्तो कुनै काम कुराको

लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानीनोक्सानीको बिगो असूल गरी निजलाई बिगो बमोजिम जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

२१. **पुनरावेदन** : दफा ९, १३ वा १४ बमोजिम दिएको क्षतिपूर्तिको रकममा वा दफा १९ बमोजिम तोकिएको अधिकारीले अनुमतिपत्र खारेज गरेकोमा वा दफा २० को उपदफा (१), (२) वा (३) बमोजिम तोकिएको अधिकारीले दिएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले सात दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२२. **बिघटन वा त्यस्को परिणाम** : (१) ऐनको दफा ८ बमोजिम तोकिएको अधिकारीबाट स्वीकृत प्राप्त विधान अनुसार संस्था वा समितिले कार्य सञ्चालन गर्न नसकी वा अन्य निर्धारित शर्तहरु पालना नगरेमा संस्था वा समिति स्थानीय सरकारबाट निलम्बन वा विघटन गर्न सक्नेछ । त्यसरी निलम्बन वा विघटन भएमा त्यस्तो संस्था वा समितिले गरेका कार्य संचालन तथा सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ ।
(२) उपदफा (१) बमोजिमको संस्था वा समिति निलम्बन वा विघटनमा परेमा वा कुनै कारणले तोकिएको समयाबधि भित्रमा नयाँ कार्य समिति चयन हुन नसकेमा उक्त कार्य समिति स्वतः बिघटन भएको मानी अर्को व्यवस्था नभएसम्म तोकिएको तदर्थ समिति गठन गरी नगरपालिकाले सञ्चालन गर्नेछ ।
(३) उपदफा (१) बमोजिम बिघटन भएको संस्था वा समितिको दायित्वको हकमा सो संस्था वा समितिको जायजेथाले भ्याए सम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्नेछ ।
(४) उपदफा (२) बमोर्जिम खानेपानी संचालन गर्ने सम्बन्धमा कुनै बाधा अडचन परेमा फुकाउने अधिकार तोकिए बमोजिम हुनेछ ।
(५) नगरपालिकाले खानेपानीको संचालन गरी रहेकोमा यस ऐन बमोजिम स्थापित अन्य उभोक्ता संस्था वा समितिहरुले खानेपानी संचालन गर्ने गरी खानेपानी कार्य सञ्चालन प्रस्ताव नगरपालिकामा पेश गरेमा र त्यस्ता संस्था वा समितिले खानेपानीको संचालन गर्ने प्रस्ताव उपर नगरपालिका बिस्वस्त भएमा कार्यपालिकाले त्यस्ता समितिहरुलाई कानून बमोजिम करार गरी खानेपानी संचालनको जिम्मेवारी जायजेथा र दायित्व समेत हस्तान्तरण गर्न सक्ने छ ।

२३. **नियम बनाउने अधिकार** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।
(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतया प्रतिकूल प्रभाव नपर्ने गरी
स्थानीय सरकारले देहायका विषयमा नियम, कार्यविधिहरु बनाउन सक्नेछ :-
(क) खानेपानी, औद्योगिक उपयोग, आमोद प्रमोदसम्बन्धी उपयोग र खानेपानी स्रोतको यस्तै अन्य उपयोग सम्बन्धी कुराहरू,
(ख) खानेपानीको संरक्षण, बाढी नियन्त्रण तथा पहिरो रोकथाम सम्बन्धी कुराहरू,
